मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

सहभागी बनौं

यस विद्यालयको आयोजनामा हुन गइरहेको बृहत् निःशुल्क स्वास्थ्य शिविरमा सहभागिताको लागि अनुरोध छ ।

शिविरमा उपलब्ध हुने सेवाहरू

जनरल मेडिकल, स्त्री रोग, बाल रोग, शल्यक्रिया (सर्जरी), हाडजोर्नी तथा नशा, नाक, कान, घाँटी, आँखा रोग, दन्त रोग, ई.सी.जी. सेवा, भिडियो एक्सरे र ल्याब टेस्टलगायतका सेवाहरू ।

मिति : २०८३/०२/१५ गते, शुक्रबार
समय : बिहान १० बजेदेखि ३ बजेसम्म
स्थान : विद्यालय प्राङ्गण

आयोजक : शारदा माध्यमिक विद्यालय
यालाछेँ-२, भक्तपुर

★ वर्ष : २८ ★ अङ्क : १२५ ★ ने. सं. ११४६ अनला थ्व, द्वादशी ★ बिहीबार ★ १४ जेठ, २०८३ ★ May 28, 2026, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८



मध्य गाजापट्टीस्थित गाजा सहरमा इजरायली सेनाले लक्षित आक्रमण गरी हत्या गरिएका हमास नेता मोहम्मद ओदेहको शवसहित शवयात्रा गर्दै प्यालेस्टिनी युवाहरू मे २७, २०२६ का दिन । मोहम्मद ओदेहले गाजा युद्धविराम २०२५ देखिको चालु युद्धविरामकै क्रममा इजरायली सेनाद्वारा आफ्ना पूर्ववर्तीको हत्यापछि प्यालेस्टिनी इस्लामिक प्रतिरोध आन्दोलन हमासको सशस्त्र शाखा प्रमुखको जिम्मेवारीमा रहेका थिए । अक्टोबर २०२३ पछिदेखि इजरायलले योजनाबद्ध रूपमा लगातार हमास र प्यालेस्टिनी नेताहरूको हत्या गर्दै आएको छ ।

*तस्बिर : ओमार अलकाटा/एएफपी*

# साम्राज्यवादीहरूको परराष्ट्र नीति र नेपालको अवस्था !

आफ्ना उपनिवेशहरूका देशका जनतामा देखिएको असन्तोष, विद्रोह एवम् स्वतन्त्रता आन्दोलनलाई निस्तेज र असफल पार्न धार्मिक, जातीय तथा क्षेत्रीय विभाजन गर्ने एवम् नयाँ-नयाँ देशलाई उपनिवेश बनाउने उद्देश्य नै साम्राज्यवादी तथा उपनिवेशवादीहरूको 'परराष्ट्र नीति' हो । तिनीहरू कुनै देशका जनतालाई 'सभ्य' बनाउने वा 'स्वतन्त्र' बनाउने वा 'देशको विकास गर्ने योजना' का कुरा गर्छन् ।

बेलायती साम्राज्यवादले भारतलाई ब्रह्मपुत्र र इरावती नदी अर्थात् बङ्गालदेखि बर्मासम्मको एउटा देश, गंगा नदीको उत्तर र दक्षिण दुई देश, पञ्जाब र नर्मदा नदीबिचको एउटा देश, कृष्णा र काभेरीको अर्को देश बनाएर आफ्नो उपनिवेशलाई अजम्मरी बनाउन चाहेको थियो ।

सत्ताबाट फालिएका प्रतिक्रियावादीहरूलाई सन् १९१७ को रुसी अक्टोबर क्रान्तिपछि समेत साम्राज्यवादी शक्तिहरू हात-हतियारको सहयोग गरेर, सशस्त्र विद्रोह गराउँदै लीना नदीको पूर्व एउटा र एनेसी नदीसम्मको अर्को राज्य बनाउन चाहन्थे । त्यस्तै, युराल पर्वतदेखि एनेसी नदीसम्म तथा युराल पर्वतको पश्चिमको अर्को राज्य, काला सागर र क्यास्पियन (काश्यप) सागरको उत्तरको इस्टोनियादेखि युक्रेनसम्म र ककेसिया पर्वतदेखिका इस्लाम धर्म मान्नेहरूको एउटा राज्य बनाउन चाहन्थे । तर, दोस्रो विश्वयुद्धसम्म सोभियत सङ्घ बलियो भइसकेको थियो र मुक्ति तथा स्वतन्त्रता आन्दोलनको कारण एसियाली एवम् अफ्रिकी देशहरू स्वतन्त्र हुन थालेका थिए ।

त्यस्तै, चीनमा पनि ह्वाङहो नदीको उत्तरमा एउटा, याङ्ग्री नदीको अर्को तथा याङ्सी र सिक्याङको बिचमा अर्को राज्य एवम् सिक्याङ नदीको पश्चिमको राज्यको कल्पना र योजना बनाइएको थियो । विभिन्न उपनिवेशवादी देशहरू ती नक्साहरूमा बारम्बार हेरफेर गर्दै आ-आफ्नो अनुकूल चीनलाई टुक्राटुक्रा बनाउन चाहन्थे । तर, स्वतन्त्रता र मुक्तिको निम्ति उपनिवेशका जनताको उर्लँदो आन्दोलनको कारण उपनिवेशवादीहरूले ती देशहरूलाई स्वतन्त्र घोषणा गर्दै ती देशको अर्थतन्त्र र सांस्कृतिक क्षेत्र नियन्त्रण गर्ने नयाँ उपनिवेशवादी नीति लिए ।

जापानी सैन्यवादबाट मुक्त भइसकेको कोरिया प्रायःद्वीपलाई अमेरिकी साम्राज्यवादले आक्रमण गऱ्यो । संरा अमेरिकाले कोरिया युद्ध (१९५०-१९५३) को समाप्तिपछि पनि दक्षिण कोरियालाई आफ्नो नियन्त्रणमा राखेको छ ।

फ्रान्सेली र अमेरिकी साम्राज्यवादले भियतनामलाई पनि उत्तर र दक्षिण गरी टुक्र्याएका थिए । तर, १९६०-१९७० को दशकमा भएको भियतनाम युद्धमा संरा अमेरिका हार्दै थियो र राष्ट्रपति हो चि मिन्हको नेतृत्वमा दक्षिण भियतनाम पनि मुक्त भएको थियो । विभिन्न देशको स्वतन्त्रता आन्दोलनको कारण संसारमा उपनिवेशवादविरोधी लोकमत अगाडि बढ्दै थियो र भियतनाम युद्धको कारण अमेरिकी डलरको मूल्य घट्दै जाँदा भियतनामबाट अमेरिकी साम्राज्यवाद भाग्न बाध्य भयो ।

अफ्रिकी महादेशमा पनि कतिपय देश स्वतन्त्र भए तर साम्राज्यवादी शक्तिहरूले कङ्गोलाई टुक्र्याए । अहिले सुडान टुक्राइयो र इथोपियामा सङ्घर्ष चालु छ । धेरै वर्षसम्म दक्षिण अफ्रिकामा नश्ल र जातीय भेदभावको प्रतिक्रियावादी नीति चालु रह्यो ।

उपनिवेशवादीहरूले जसरी भारतमा हिन्दू र मुसलमान भनी धार्मिक र अनेक जातीय सङ्घर्ष चल्न दिए त्यस्तै अफगास्तिान, इराक, सिरिया र लिवियामा पनि धार्मिक र जातीय भिडन्त गराउँदै छन् । उनीहरूले पीडित देशहरूलाई मुक्त गरेका छैनन् ।

नेपालमा पश्चिमी देशहरूकै सल्लाहमा सङ्घ राज्यको स्थापना भयो । नेपाल विभिन्न भाषाभाषीको देश हो; यहाँ विभिन्न धर्म र भौगोलिक विविधता छ । नेपाली गोर्खालीहरू बेलायत र भारतमा औपचारिकरूपमा सेवारत छन् भने अनौपचारिकरूपमा अमेरिका र अन्य देशमा पनि 'निजी सेना' मा सेवारत भएको व्यापक चर्चा छ । यसकारण, हाम्रो देशमा पनि विभाजन ल्याउन सक्ने हुँदा एमसीसीबाट नेपाल टाढा रहनुपर्थ्यो तर संसद्ले यसलाई पारित गऱ्यो । शेरबहादुर देउवाकै सरकारले छिमेकी अफगानिस्तानी जनतामाथि बम वर्षा गर्ने अमेरिकी लडाकु हवाईजहाजलाई तेल भर्न अनुमति दिएको थियो भने उनकै सरकारले आज संरा अमेरिका र नेटोबाट सञ्चालित युक्रेनको पक्षमा मत दिएर नेपालको तटस्थ परराष्ट्रनीति तथा पञ्चशीलको सिद्धान्तको उल्लङ्घन गऱ्यो । यो अत्यन्त दुःख र खेदको विषय हो ।

*१ चैत २०७८ (15 March 2022)*
*सम्पादकीय सङ्कलन (तेस्रो खण्ड)*

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप - २१

**प्रहरी वृत्त महाराजगञ्जमा कार्यरत प्रहरी वरिष्ठ नायव निरीक्षक जयबहादुर सिंह**

भदौ २३ गते जेन्जी पुस्ताले आह्वान गरेको प्रदर्शनको क्रममा केही प्रदर्शनकारीहरूको मृत्यु भएको भन्ने विभिन्न सञ्चारमाध्यमबाट जानकारी भएको थियो । भदौ २४ गते बिहान ९–१० बजेतिर प्रदर्शनकारीहरूले ललितपुरको हरिसिद्धी प्रहरी प्रभाग जलाएको, अन्य प्रहरी कार्यालयहरूमा पनि तोडफोड आगजनी गरेको भन्ने प्रहरी सञ्चार सेटमा सुनिएको थियो । लगभग ११:३० बजेको समयमा हाम्रो कार्यालयबाहिर करिब २०० को सङ्ख्यामा प्रदर्शनकारीहरू आई प्रहरी कार्यालयतर्फ ढुङ्गामुढा गर्न थाले । प्रहरीमाथि ढुङ्गामुढा, पेट्रोल बमजस्ता प्रज्वलनशील पदार्थ प्रहार गर्न थाले । अघिल्लो दिन भएको घटनाको बदला लिएरै छाड्ने भन्दै एकोहोरो ढुङ्गामुढा, पेट्रोल बमजस्ता प्रज्वलनशील पदार्थ प्रहार गरिरहेका थिए ।

हामी प्रहरीहरू केही आगो नियन्त्रण गर्न लाग्यौँ र केही प्रहरीहरू प्रदर्शनकारीहरूलाई कार्यालय हाताभित्र प्रवेश गर्न नदिन छेक्दै थियौँ । सोही क्रममा भिक्ट्रोर कन्ट्रोलबाट थुनुवा छाडी आफू र हतियार सुरक्षित हुने आदेश भयो । प्र.स.नि. मिलन राय र प्र.ज. उत्तम थापाको विभत्स तवरले हत्या गरियो । २१ जना प्रहरी कर्मचारीहरू गम्भीर घाइते भए । कार्यालय, कागजात, अभिलेख जली नष्ट भयो । हातहतियार जल्यो, लुटियो ।


**पशुपति मन्दिर सुरक्षा पोस्टमा कार्यरत प्रहरी वरिष्ठ नायव निरीक्षक शङ्करप्रसाद चिदीमगर**

भदौ २३ गते पशुपति मन्दिर सुरक्षा पोस्टका प्रहरी कर्मचारीहरूलाई अन्यत्र कहिल्यै ड्युटी खटाइएको थिएन । भदौ २४ गतेका दिन संसद् भवन, सिंहदरबार, विभिन्न सरकारी कार्यालयहरू, भीआईपीहरूको निजी निवासहरू, व्यापारिक केन्द्रहरूलगायतमा तोडफोड आगजनीको साथै प्रदर्शन हुन थाल्यो । पशुपति मन्दिर क्षेत्रबाहिर व्यापक प्रदर्शन भइरहेको देखिन्थो । सोही क्रममा पशुपति विकास क्षेत्रको गौशलातर्फ चक्रपथ सडकसँगै रहेको पशुपति विकास कोषको कार्यालय प्रदर्शनकारीहरूले आगजनी गरे ।

**प्रहरी वृत्त महाराजगञ्जमा कार्यरत प्रहरी वरिष्ठ नायव निरीक्षक हिमबहादुर विक**

भदौ २४ गते अन्दाजी १० बजेको समयमा नारायण गोपाल चोक र धुम्बाराही चोकतर्फ तथा चुनदेवी जाने गल्ली सडकबाट जेन्जी आन्दोलनहरूको चहल पहल सुरु हुन थाल्यो । करिब १०:४५ बजेको समयदेखि आन्दोलनकारीहरूको हात–हातमा खुकुरी, तरबार, ह्याम्बर, हथौडा, फलामको रड, काठको चिरपट, बाँसका लठीहरू र एस.एल.आर.राइफल देखिन थाल्यो । अन्दाजी ११ बजेतिर जेन्जी आन्दोलनका प्रदर्शनकारीहरूले एक्कासि प्रहरी तथा प्रहरी कार्यालयलाई निशाना बनाई ढुङ्गामुढा र पेट्रोल बम प्रहार गर्न थाल्यो । सोही क्रममा आन्दोलनकारीहरू पेट्रोल बम तिव्ररूपले प्रहार गर्न थाल्यो । आन्दोलनकारीहरूले कार्यालय अगाडिको तारबार, मुख्य प्रहरी द्वार तोडीभित्र प्रवेश गरी अन्धाधुन्ध विभिन्न धारिलो हातहतियारले प्रहरी कर्मचारीहरूलाई कुटपिट गरी बेहोसी बनाई आगजनी तोडफोड गर्दै प्रहरीको हातहतियारसमेत लुटपात गरे । प्र.स.नि. मिलन राय र प्र.ज. उत्तम थापालाई घिसारी घिसारी लछारपछार गर्दै बाहिर सडकमा लगी निर्ममतापूर्वक धारिलो हतियार प्रहार गरिरहेको थियो । भदौ २४ गतेका दिन प्रहरीको तर्फबाट आन्दोलनकारीहरूलाई कुनै रोकछेक, बाधा नगर्दा पनि आन्दोलनकारीहरूले निशाना बनाई प्रहरी कार्यालयमा आगजनी गर्नुका साथै प्रहरी कर्मचारीहरू प्र.स.नि. मिलन राय र प्र.ज. उत्तम थापालाई कुटपिट गरी घाइते बनाउने र प्रहरीलाई कर्तव्य गरी मारेको हो । आन्दोलनकारीहरूलाई कानुनबमोजिम हदैसम्मको कारबाही हुनुपर्दछ ।

## व्यङ्ग्यचित्रको कुनो



# भक्तपुर दरबार परिसरमा हुलाक टिकट प्रदर्शनी कार्यक्रम



भक्तपुर, १३ जेठ। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत हुलाक सेवा विभागको आयोजनामा भक्तपुर दरबार परिसरमा भएको 'टिकट प्रदर्शनी कार्यक्रम' को उद्घाटन गर्नुभयो।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले हुलाक टिकटको महत्त्व नयाँ पुस्ता र आम जनस्तरसम्म पुऱ्याउन यस्ता कार्यक्रम आवश्यक भएको उल्लेख गर्दै हुलाक टिकट पनि राष्ट्रको महत्त्वपूर्ण सम्पदा भएको उल्लेख गर्नुभयो।

हुलाक टिकटले देशको इतिहास, संस्कृति, कला र पहिचान झल्काउने विचार व्यक्त गर्दै उहाँले यस्ता प्रदर्शनीले हुलाक सेवाको ऐतिहासिक यात्रा र विकासलाई जनमानससम्म पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्ने धारणा राख्नुभयो।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्का र हुलाक सेवा विभागका प्रतिनिधिहरूले आ-आफ्नो धारणा राख्नुभएको थियो।

नगर प्रमुख प्रजापतिगायतका अतिथिहरूले टिकट प्रदर्शनीको अवलोकन गर्नुभयो। उक्त प्रदर्शनीमा पुराना तथा दुर्लभ हुलाक टिकटहरू प्रदर्शनमा राखिएको थियो।

# वडा नं. ५ मा सुझाव सङ्कलन




भक्तपुर, १३ जेठ। भनपा वडा नं ५ को वडा कार्यालयको आयोजनामा आर्थिक वर्ष २०८३/८४ को लागि प्राथमिकताको आधारमा वडा तथा नगरस्तरीय योजना/कार्यक्रम तर्जुमाका लागि सुझाव सङ्कलनको क्रममा मङ्गलबार वडाका विभिन्न भेगका वडावासीको उपस्थितिमा सुझाव सङ्कलन तथा छलफल सम्पन्न भयो।

कार्यक्रममा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेंले वडामा २०७९ मा निर्वाचित जनप्रतिनिधिहरूको यो पाँचौँ र अन्तिम योजना तर्जुमा भएको बताउँदै हरेक वडामा वडा बजेटबाहेक नगर, प्रदेश तथा सङ्घीय बजेटको पनि कार्यक्रमहरू रहने हुनाले प्राथमिकताको आधारमा तिनीहरूको छनोट गरी नगरपालिकामा प्रस्ताव गर्ने प्रक्रियाका बारेमा प्रस्ट्याउनुभयो।

विभिन्न परिस्थितिजन्य कारणहरूले बजेट छुट्याइसकेका योजनाहरू पनि धकेलिँदै जाने समस्या रहेकोले निर्वाधरूपमा कार्य सम्पन्न गर्न सकिने र आवश्यकताको आधारमा योजना सुझाउन उहाँले अनुरोध गर्नुभयो। छलफलमा समाजसेवी पूर्णगोपाल राजचलले वडामा खानेपानीको समस्या धेरै हदसम्म समाधान भइसकेको भए पनि अझै स्थान विशेषमा बाटोको वारि पानी फालाफाल र पारि सुख्खा भएको अवस्था रहेकोले यसमा ध्यान पुऱ्याउनुपर्ने बताउनुभयो।

छलफल तथा सुझाव सङ्कलन कार्यक्रममा ढुङ्गा छपाइ, मठ मन्दिर निर्माण र पुन:निर्माणबाहेक टोल टोलमा सँगै बसेर पठन संस्कृति प्रवर्द्धन गर्न पुस्तकालय वा वाचनालयको व्यवस्थालगायत युवालक्षित कार्यक्रमहरू, विभिन्न सीपमूलक तालिमहरूको लागि वडा वा नगरस्तरीय पहल हुनुपर्ने वडावासीहरूले सुझाउनुभयो। ५ वडा नगरको मुटु सुकुलढोका र टिबुक्छें दिउँसो सुनसान हुने अवस्थाले सहर बजार नै मृतप्राय देखिने हुनाले साप्ताहिक वा मासिक रूपमा सडक महोत्सव गरी बजारलाई जीवन्त बनाउनुपर्नेसमेत सुझाव दिइएको थियो।

भक्तपुरका साँघुरा गल्लीहरूमा दमकल नजाने भएकाले भित्री गल्लीहरूमा दमकलको पानी पठाउन Fire hydrant को व्यवस्था तत्काल गर्नुपर्ने, दोबाटोमा स्थल निर्देशनका चिह्नका बोर्डहरू राखिनुपर्ने, BKTinfo.com Scan मा वडा ५ सम्बन्धी सूचनाहरू अपुग भएको, हनुमन्ते खोलामा पानीको बहावलाई निरन्तरता दिएमा गन्ध समस्या नहुनेजस्ता सुझाव दिइएको थियो। वडाले फेसबुकमार्फत तथा लिखित रूपमा पनि सुझाव सङ्कलन गरिरहेको जनप्रतिनिधि नारायणप्रसाद त्वानाबासुले बताउनुभयो। कार्यक्रममा स्वागत मन्तव्य वडासचिव काशीराम प्रजापतिले गर्नुभएको थियो।

# सरसफाइकर्मीका लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी अभिमुखीकरण कार्यक्रम

भक्तपुर, १३ जेठ। व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र भैंसेपाटी ललितपुरको आयोजना र भक्तपुर नगरपालिकाको सहकार्यमा बुधबार भक्तपुर नगरपालिकाका सरसफाइकर्मीहरूका लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम भयो। कार्यक्रमको उद्घाटन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गर्नुभयो।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले सरसफाइ सबैका लागि महत्त्वपूर्ण विषय भएको बताउँदै विकसित देशहरूमा काममा कुनै विभेद नहुने र श्रमको सम्मान गरिने उल्लेख गर्दै सरसफाइ पनि सम्मानजनक काम भएको धारणा राख्नुभयो।

सरसफाइ रोजगारको पनि क्षेत्र भएको बताउँदै उहाँले सरसफाइकर्मीहरूको मेहनतकै कारण आज भक्तपुर देशकै नमुना नगरको रूपमा परिचित भइरहेको बताउनुभयो।

सहर सफा राख्ने जिम्मेवारी सबैको साझा भएको बताउँदै उहाँले सरसफाइकर्मीका लागि आवश्यक पञ्जा, बुट, मास्क तथा नुहाइधुहाइको व्यवस्था पनि नगरपालिकाले गर्दै आएको जानकारी गराउँदै काम गर्दा आफ्नो सुरक्षामा विशेष दिन आग्रह गर्नुभयो।

सरसफाइको काम गर्दा रोगबाट बच्न सावधानी अपनाउनुपर्ने र अत्यन्त संवेदनशील भएर काम गर्नुपर्ने उहाँले बताउनुभयो। नगरपालिकाका सरसफाइकर्मीहरूले काम गर्ने क्रममा जनतासँग पनि राम्रो व्यवहार गर्नुपर्ने र सरसफाइसँगै व्यवहारमा पनि सुधार ल्याउनुपर्ने उहाँले बताउनुभयो।

# शारदा मा.वि.मा बृहत् नि:शुल्क स्वास्थ्य शिविर हुने

भक्तपुर, १३ जेठ। गणतन्त्र दिवसको अवसर पारेर भक्तपुर नगरपालिका वडा नं. २ यालाछें ब्यासीस्थित शारदा माध्यमिक विद्यालयको आयोजनामा बृहत् स्वास्थ्य शिविर हुने भएको छ।

विद्यालयका प्रधानाध्यापक रोशनराज तुइतुईका अनुसार जेठ १५ गते शुक्रबारका दिन सञ्चालन हुने उक्त शिविरमा काठमाडौं मेडिकल हस्पिटल, दुवाकोटले प्राविधिक सहयोग गर्नेछ। उक्त शिविरमा सहभागी भई आफ्नो स्वास्थ्य परीक्षण गराई लाभ लिनुहुन आयोजक विद्यालयले अनुरोध गरेको छ।

प्रधानाध्यापक तुइतुईका अनुसार शिविर बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म चल्नेछ। उक्त शिविरमा जनरल मेडिकल, स्त्री रोग, बाल रोग, शल्यक्रिया(सर्जरी), हाडजोर्नी तथा नसा, नाक, कान, घाँटी, आँखा रोग, दन्त रोग, ई.सी.जी. सेवा, भिडियो एक्सरे र ल्याब टेस्टलगायतका सेवा हुनेछ। विद्यार्थी, अभिभावक, शिक्षक-शिक्षिकालगायत सर्वसाधारणले समेत स्वास्थ्य शिविरबाट लाभान्वित हुन अनुरोध गरिएको छ।

शिविरमा विशेषज्ञ चिकित्सकहरूको टोलीले स्वास्थ्य परीक्षण गर्नेछ। शिविरमा सहभागी हुन आउने बिरामीका लागि चिकित्सकको सिफारिसमा परेका साधारण प्रकारका औषधिसमेत नि:शुल्क वितरण गर्ने कार्यक्रम रहेको प्रधानाध्यापक तुइतुईले जानकारी गराउनुभयो।

# एसईई उत्तीर्ण विद्यार्थीहरूलाई बधाई तथा बिदाइ कार्यक्रम

भक्तपुर, १३ जेठ। गणेश सेकेन्डरी स्कूल, छालिङबाट एसईई २०८२ मा सम्मिलित भई उत्तीर्ण विद्यार्थीहरूलाई बुधबार मार्गनिर्देशन, बधाई तथा बिदाइ कार्यक्रम गरियो।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष न्हुछेभक्त फोजूले उत्तीर्ण विद्यार्थीलाई बधाई दिँदै आफ्नो क्षमता पहिचान गरी विषय छान्न सके भविष्यमा पछुटाउन नपर्ने बताउनुभयो।

मेहनत र परिश्रम गर्ने बानीलाई जीवनको अभिन्न अङ्गको रूपमा लिनुपर्ने आवश्यकता औंल्याउँदै हरेकमा देश र समाज प्रेमको भावना हुनुपर्ने बताउनुभयो।

विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष कृष्णभक्त फोजु, विद्यालय व्यवस्थापन समितिका सदस्य राज्यश्वरी दुवाल, वरिष्ठ शिक्षक दिनानाथ पोखरेल र अभिभावक शिक्षक समिति अध्यक्ष ज्ञानेन्द्र सिन्केमनीलगायतले विद्यार्थीलाई उज्ज्वल भविष्यको शुभकामना व्यक्त गर्नुभयो।

विद्यालयका प्रधानाध्यापक इन्द्रबहादुर फोजुको सभापतित्वमा भएको कार्यक्रममा सहायक प्रधानाध्यापक रामकृष्ण त्यात, शिक्षक लक्ष्मीनारायण लिगल, विद्यार्थी साकुरा बाटा, परीक्षामा सम्मिलित विद्यार्थी को तर्फबाट दिव्या सिन्केमनी र साजन थामीले पनि बोल्नुभएको थियो।

परीक्षामा उत्कृष्ट जीपीए हासिल गर्ने विद्यार्थीलाई विद्यालयले प्रोत्साहनस्वरूप नगद पुरस्कार र विषयमा उत्कृष्ट जीपीए हासिल गर्नेलाई सम्बन्धित विषय शिक्षकले नगद पुरस्कार प्रदान गर्नुभयो।

# वैदेशिक रोजगारीका लागि नयाँ श्रम स्वीकृति लिने घटे

काठमाडौँ, १३ जेठ। वैदेशिक रोजगारमा जाने नेपाली कामदारको नयाँ श्रम स्वीकृति लिनेको सङ्ख्या घटेको छ भने पुन: श्रम स्वीकृति लिनेको सङ्ख्या वृद्धि भएको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बुधबार प्रतिनिधिसभाको बैठकमा प्रस्तुत गर्नुभएको आर्थिक सर्वेक्षण २०८२/८३ को तथ्याङ्कअनुसार वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या १३.७ प्रतिशतले सङ्कुचन भई दुई लाख ७३ हजार ५३० रहेको देखाएको हो।

त्यसैगरी यस आर्थिक अवधिमा वैदेशिक रोजगारमा जान पुन:श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या १५.९ प्रतिशतले वृद्धि भई दुई लाख ५१ हजार ९८३ पुगेको छ। यस अवधिमा नयाँ र पुन: श्रम स्वीकृति लिने कामदारको सङ्ख्या पाँच लाख २५ हजार ५१३ पुगेको छ। यसमध्ये, महिला १२.१ प्रतिशत र पुरुष ८७.९ प्रतिशत रहेका छन्। गत आर्थिक वर्षको सोही अवधिमा नयाँ र पुन:श्रम स्वीकृति लिने कामदारको सङ्ख्या पाँच लाख ३४ हजार ४७१ रहेको थियो।

सर्वेक्षणले आर्थिक वर्ष २०८१/८२ मा वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या १०.० प्रतिशतले बढेर पाँच लाख पाँच हजार ९५७ र पुन: श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या १८.५ प्रतिशतले बढेर तीन लाख ३३ हजार ३०९ पुगेको थियो। *(रासस)*

# भक्तपुर बचतमा आठदिने वाक्कला तालिम सुरु

भक्तपुर, १३ जेठ। भक्तपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सूचना तथा प्रकाशन उपसमितिको आयोजनामा आठदिने वाक्कला तालिम मङ्गलबारदेखि सुरु भएको छ।

कार्यक्रममा संस्थाका अध्यक्ष निर्मल प्रजापतिले हरेकले तालिमबाट सार्थक बनाउनुपर्ने बताउनुभयो। उहाँले तालिममा जो जहाँबाट आए पनि एक आपसमा सहकार्य गरी अघि बढ्नुपर्ने बताउनुभयो। संस्थाले सदस्यको हितका लागि विभिन्न खालका सीपमूलक तालिम नियमित रूपमा दिइरहेको बताउँदै उहाँले सदस्यहरूबिच संस्थाले सामाजिक उत्तरदायित्व पूरा गरी सहकार्य गरिरहेको स्पष्ट पार्नुभयो। राम्रो बोल्ने मान्छेले जीवनलाई निखार्दै अघि बढ्ने भएकोले वाक्कला त्यसका लागि सहयोगी साबित हुने र यस्ता कार्यक्रमले सदस्यहरूबिच पुँजी निर्माणको काम गर्ने उहाँको भनाइ छ। आयोजक समितिका संयोजक कृष्णश्वरी दुवालले तालिमबिनाको जीवन सहज नहुने बताउनुभयो। उहाँले जीवनको महत्त्वपूर्ण क्षण वाक्कला पनि भएकोले तालिमले जीवनमा सकारात्मक परिवर्तन ल्याउने औंल्याउनुभयो।

प्रशिक्षक शरद् राईले तालिम दिने उक्त कार्यक्रममा २० जना प्रशिक्षार्थीहरू सहभागी रहेका छन्। कार्यक्रममा आयोजक समितिका सदस्य सविना प्रजापतिले पनि बोल्नुभएको थियो।

# स्वास्थ्य बीमा बोर्डद्वारा 'सुविधा थैली' को दररेटमा परिवर्तन

काठमाडौँ, १३ जेठ। स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य उपचारका लागि 'सुविधा थैली' को दररेट परिवर्तन गरेको छ।

स्वास्थ्य बीमा लागू भएपछि पहिलोपटक बोर्डले औषधि, औषधिजन्य सामग्री, स्वास्थ्य सेवा, शल्यक्रिया तथा प्रयोगशालाको परीक्षणको सुविधा थैली दररेट परिवर्तन गरेको हो।

बोर्डका कार्यकारी निर्देशक शकुन्तला प्रजापतिले सबै सेवा प्रदायक स्वास्थ्य संस्थालाई परिमार्जित नयाँ दरअनुसार औषधि, औषधिजन्य सामग्री, स्वास्थ्य सेवा, शल्यक्रिया तथा प्रयोगशालाको परीक्षण शुल्क लिन निर्देशन दिएको बताउनुभयो।

उक्त नयाँ सुविधा थैलीको दररेट यही जेठ १६ गतेदेखि लागू हुनेछ।

उहाँले बोर्डले विगत १० वर्षदेखिको दाबी, सेवा उपभोगसम्बन्धी तथ्याङ्क विभिन्न स्वास्थ्य संस्थाबाट प्राप्त दररेट, चिकित्सकीय सान्दर्भिकता, लागत प्रभावकारिता रोगभार तथा स्वास्थ्य प्रणालीको वित्तीय दिगोपनलाई आधार बनाएर सुविधा थैली परिवर्तन गरिएको बताउनुभयो।

सूचना अधिकारी विकेश मल्लले स्वास्थ्य बोर्डको वित्तीय अवस्था, दायित्व स्वास्थ्य सेवा उपयोगको दर हेरेर दररेट निर्धारण गरिएको बताउनुभयो। उहाँले बोर्डमा पर्ने आर्थिक चाप घटाउनका लागि सुविधा थैलीको दररेट परिमार्जन गरेको बताउनुभयो।

नयाँ दररेटअनुसार औषधिको औषधि व्यवस्था विभाग, प्रयोगशाला परीक्षणको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला र स्वास्थ्य सेवाको सरकारी अस्पताललाई आधारमा मानेर तोकिएको उहाँको भनाइ छ।

नयाँ सुविधा थैलीमा आमा सुरक्षा कार्यक्रमजस्ता दोहोरिएका कार्यक्रमलाई हटाइएको उहाँले बताउनुभयो। "स्वास्थ्य उपचार सेवा न्यून दररेट कायम गरेर सुविधा थैली बनाएको हो," उहाँले भन्नुभयो, "प्रयोग नहुने औषधिलाई हटाइएको छ।"

सूचना अधिकारी मल्लले अहिले एक हजार १७० प्रकारका औषधि मात्र बोर्डबाट उपलब्ध हुने गरी बीमितले पाउने बताउनुभयो। यसअघि बोर्डले एक हजार २८९ प्रकारका औषधि उपलब्ध गराउँदै आएको थियो। **(रासस)**

**सङ्क्षिप्त समाचार**

## कर्णाली प्रदेश मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक

कर्णाली, १३ जेठ। कर्णाली प्रदेश सरकारको आज बसेको मन्त्रिपरिषद् परिषद् बैठकले छ निर्णय सार्वजनिक गरेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सुर्खेतमा बसेको उक्त बैठकले कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (चौथो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने निर्णय गरेको छ।

त्यस्तै, कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको पदमा प्रदेश सचिव लक्ष्मीकुमार विकलाई कामकाजमा खटाउने निर्णय गरिएको प्रदेश सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले जानकारी दिनुभयो।

त्यस्तै, योगदानमा आधारित निवृत्तिभरण कोष स्थापना तथा सञ्चालनसम्बन्धी विधेयक, कर्णाली प्रदेश सरकारको सामयिक राजस्व उठाउनेसम्बन्धी विधेयक तर्जुमासम्बन्धी अवधारणापत्रको सैद्धान्तिक स्वीकृति गर्ने, कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकाउन आदेश जारी र कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८३ स्वीकृत गर्ने निर्णय भएको प्रवक्ता शाहले बताउनुभयो। **(रासस)**

## सहयोग सङ्कलन नगर्न न्यायाधीश श्रेष्ठको आग्रह

काठमाडौँ, १३ जेठ। सर्वोच्च अदालतका न्यायाधीश तिलप्रसाद श्रेष्ठले आफ्नो उपचारका लागि आर्थिक सङ्कलन नगर्न आग्रह गर्नुभएको छ।

न्यायाधीश श्रेष्ठले आज जारी गरेको प्रेस विज्ञप्तिमा आफ्नो उपचारका लागि सहयोग सङ्कलन गर्न लागेको खबर पाएको उल्लेख गर्दै आर्थिक सङ्कलनको काम तत्काल स्थगित गर्न आग्रह गरिएको छ।

"न्याय सेवा अधिकृत समाजले न्यायपालिकामा कार्यरत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीलाई स्वेच्छिक रूपमा यथाशक्य आर्थिक सहयोग गर्न आह्वान गरेको पनि थाहा पाएँ", विज्ञप्तिमा भनिएको छ, "यो आर्थिक सङ्कलनको कार्य स्थगित गरिदिनुहुन सबैमा मेरो विनम्र अनुरोध छ, आशा छ, तपाईंहरूले मेरो अनुरोधलाई स्वीकार गरी रकम सङ्कलनको कार्य स्थगित गर्नुहुनेछ।"

बोनम्यारो समस्याबाट पीडित न्यायाधीश श्रेष्ठको भारतको नयाँदिल्लीस्थित राजीव गान्धी क्यान्सर इन्स्टिच्युट एन्ड रिसर्च अस्पतालमा उपचार भइरहेको छ। उहाँलाई 'बोनम्यारो क्यान्सर' देखिएपछि एक महिनादेखि सो अस्पतालमा उहाँको उपचार भइरहेको छ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार न्यायाधीश श्रेष्ठलाई 'बोनम्यारो क्यान्सर' देखिएपछि एक महिनाअघिदेखि त्यहाँ उपचार गराइरहनुभएको छ। पछिल्लो समय न्यायाधीश श्रेष्ठको स्वास्थ्यमा सुधार भइरहेको छ। **(रासस)**

## दूध किसानलाई रु. १२ करोड

काठमाडौँ, १३ जेठ। दुग्ध विकास संस्थान (डीडीसी) ले भुक्तानी नपाएका दूध किसानलाई रु. १२ करोड भुक्तानी गरेको छ।

पछिल्लो चार महिनाको करिब ५८ करोडमध्ये बक्यौता दायित्व रु. १२ करोड भुक्तानी भएको डिडिसीले जनाएको छ।

कृषि, वन तथा पर्यावरण मन्त्रालय, दुग्ध विकास संस्थान (डीडीसी) को सुधारको कार्य योजना ल्याएपछि हाल किसानलाई दैनिक रु. एक करोड भुक्तानी भइरहेको मन्त्रालयले जनाएको छ।

निजी क्षेत्रका डेरी उद्योगले किसानलाई रु. तीन अर्ब र सरकारी निकाय दुग्ध विकास संस्था (डिडिसी) ले रु. ४६ करोड भुक्तानी गर्न बाँकी रहेको बताइन्छ। **(रासस)**

## इच्छुक पत्रकारिता पुरस्कार नेपालीलाई

घोराही (दाङ), १३ जेठ। नेपाल पत्रकार महासङ्घ दाङले स्थापना गरेको पत्रकार 'कृष्णसेन इच्छुक' पत्रकारिता पुरस्कार जनक नेपालीलाई प्रदान गरेको छ।

पत्रकार कृष्णसेन इच्छुकको २४ औं स्मृति दिवसका अवसरमा नेपाल पत्रकार महासङ्घ दाङ र प्रेस सेन्टर नेपालले संयुक्त रूपमा बुधबार एक कार्यक्रमको आयोजना गरी पत्रकार नेपालीलाई उक्त पुरस्कार प्रदान गरिएको हो।

त्यसैगरी, प्रेस सेन्टर नेपालले स्थापना गरेको कृष्णसेन इच्छुक पत्रकारिता पुरस्कार पत्रकार भूपेन्द्र वलीलाई र लोककुमारी रिजाल पत्रकारिता पुरस्कार पत्रकार सन्तोष डाँगीलाई प्रदान गरिएको छ।

कार्यक्रमका प्रमुख अतिथि प्रेस काउन्सिल नेपालका पूर्वाध्यक्ष तथा वरिष्ठ पत्रकार नारायणप्रसाद शर्माले पत्रकार इच्छुकले जनताका पक्षमा चलाएको कलमले निष्ठाको पत्रकारितामा लाग्न प्रेरित गरेको बताउनुभयो।

पछिल्लो समय पत्रकारितामा विकृति र विसङ्गति देखापर्न थालेको भन्दै त्यसलाई चिरेर अगाडि बढ्नुपर्ने बताउनुभयो।

विसं २०१३ मा जन्मिएका पत्रकार प्रगतिवादी कवि तथा पत्रकार कृष्णसेन इच्छुकको २०५९ जेठ १३ गते माओवादी युद्धका क्रममा तत्कालिक नेपाली सेनाले पक्राउ गरी यातना दिँदै हत्या गरेको थियो। **(रासस)**



**रैथाने बाली जौ र उवा बाली**
मुस्ताङको घरपफोङ गाउँपालिका-४ जोमसोमस्थित जमिनमा पाकेको जौ र उवा बाली। कार्तिक महिनामा खेतबारीमा छरेको उवा र जौ जेठ महिनाको अन्तिमतिर काट्न सुरु गरिन्छ। *तस्बिरः सुन्दरकुमार थकाली/रासस*

# क्यान्सर अस्पतालमा औषधि अभाव

चितवन, १३ जेठ। क्यान्सरको उपचार गर्ने नेपालकै ठूलो बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा क्यान्सरको औषधि अभाव भएको छ। विश्वव्यापी रूपमा प्रभावित भएका क्यान्सर उपचारका केही औषधि अस्पतालमा नै अभाव भएका हुन्।

अस्पतालको मेडिकल अङ्कोलोजी विभागका प्रमुख डा. गुरुशरण साहका अनुसार हाल विश्वव्यापी रूपमा क्यान्सर उपचारमा प्रयोग हुने महत्त्वपूर्ण औषधिहरूको अभाव देखिएको छ। बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा पनि यसको प्रत्यक्ष असर परेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "औषधिको अभावले केमोथेरापीको प्रभावकारिता घट्ने मात्र नभई, बजारमा हुने अवैध ओसारपसार र गुणस्तरहीन औषधिको प्रयोगले बिरामीको स्वास्थ्यमा गम्भीर जोखिम निम्त्याइरहेको छ।"

हाल विशेषतः कार्बोप्लाटिन (Carboplatin) र सिसप्लाटिन (Cisplatin) भन्ने औषधिको अभाव देखिएको डा. साहले बताउनुभयो। यो अभाव नेपालमा मात्र नभई विश्वव्यापी रूपमै रहेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "यसको मुख्य कारण यी औषधिहरू बनाउन आवश्यक पर्ने एपिआई अर्थात् मुख्य तत्त्वहरूको विश्वव्यापी आपूर्तिमा कमी आउनु हो। निकट भविष्यमा अक्सालोप्लाटिनको पनि अभाव हुन सक्ने देखिन्छ।"

यी औषधिहरू क्यान्सरको केमोथेरापी योजना (प्लान) गर्दा एउटा मुख्य आधारका रूपमा प्रयोग हुने भन्दै डा. साहले भन्नुभयो, "यी औषधि बिना केमोथेरापीको 'रेजिम' पूरा हुँदैन र केमोथेरापीले देखाउनुपर्ने प्रभावकारितामा गम्भीर नकारात्मक असर परिरहेको छ।" यसले गर्दा बिरामीहरू गुणस्तरीय उपचारबाट वञ्चित हुनु परेको भन्दै उहाँले क्यान्सर निको हुने दरमा ह्रास आउन सक्ने चेतावनी दिनुभयो।

कतिपय बिरामीहरूले छिमेकी मुलुकबाट वा बाहिरका पसलहरूबाट औषधि ल्याइरहेको भन्दै उहाँले तर यस्ता औषधिहरू औषधि व्यवस्था विभागमा दर्ता नभएका, सिल तोडिएका र भन्सार छलेर ल्याइएका भेटिएको बताउनुभयो। डा. साहले भन्नुभयो, "सबैभन्दा ठूलो जोखिम तापक्रमको छह क्यान्सरका धेरैजसो औषधि २५ डिग्री सेन्टिग्रेडभन्दा मुनिको तापक्रममा राख्नुपर्छ। तर, चितवन जस्तो गर्मी ठाउँमा ३६-३७ डिग्रीको तापक्रममा झोलामा बोकेर ल्याइने औषधिको प्रभावकारिता न्यून हुन्छ, जसले फाइदाभन्दा बढी बेफाइदा पुऱ्याउन सक्छ।"

अस्पतालमा डे-केयर र वार्ड गरी दैनिक झण्डै २०० जना बिरामीले केमोथेरापी लिनुपर्ने भन्दै उहाँले कार्बोप्लाटिन र सिसप्लाटिनजस्ता मुख्य औषधिलाई अन्य औषधिले सहजै प्रतिस्थापन गर्न नमिल्ने बताउनुभयो। उहाँले भन्नुभयो, "औषधि नै नभएपछि हामीले उपचारमा केही सम्झौता गर्नुपर्ने बाध्यता छ, जसले उपचारको गुणस्तरमा असर पारिरहेको छ।"

उहाँले धेरैजसो औषधिहरू अस्पतालमा बीमामार्फत उपलब्ध गराउँदै आएको भए पनि केही बाहिरका औषधि पसलहरूले अभाव भएका औषधिहरू (कार्बोप्लाटिन, सिसप्लाटिन) दिनका लागि अन्य सबै औषधि पनि आफ्नै पसलबाट किन्नुपर्ने सर्त राख्ने गरेको पाइएको उहाँको भनाइ छ। डा. साहले भन्नुभयो, "यो बिरामीको अधिकारको हनन हो र यसले बिरामीलाई अनावश्यक आर्थिक बोझ थपेको छ।" औषधि व्यवस्था विभाग र नेपाल सरकारले यस्तो अवैध ओसारपसार र बजारमा भइरहेको बेथितिको कडा अनुगमन गर्नुपर्ने उहाँको माग छ।

अस्पतालका निवर्तमान कार्यकारी निर्देशक डा. शिवजी पौडेलले कार्बोप्लाटिन र सिसप्लाटिनको सप्लाई छ महिनाअघि नै बन्द भएको भन्दै अस्पतालमा सिसप्लाटिन तीन महिना अघिसम्म आधा बिरामीलाई पुग्ने स्टकमा भएको भएपनि त्यसपछि नरहेको जानकारी दिनुभयो। डा. पौडेलले भन्नुभयो, "कार्बोप्लाटिन जेठ २ गतेसम्मलाई पुग्ने हामीसँग स्टकमा थियो, त्यो पनि अहिले सकिएको छ।" आफूहरूले सप्लाई गर्ने कम्पनीले नै कच्चापदार्थका कारण देखाउँदै उत्पादन बन्द भएको पत्र आफूहरूलाई पठाएको उहाँको भनाइ छ।

हाल अर्को बङ्गलादेशी कम्पनीबाट केही सप्लायर्सले नेपालका लागि दुई/तीन महिनाका लागि पुग्ने औषधि आयात भएको भन्दै अब अस्पतालमा आउने अपेक्षा उहाँले गर्नुभयो।

अस्पतालका निमित्त कार्यकारी निर्देशक डा. उमेश नेपालले कार्बोप्लाटिन र सिसप्लाटिन आफूहरूकहाँ नरहेको बताउनुभयो। उहाँले यसबारेमा स्वास्थ्य मन्त्रालय जानकारी गराएको बताउँदै विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) लाई पनि पठाई दिन आग्रह गर्दै पत्राचार गरिएको बताउनुभयो। विभागमा बालबालिकाहरूका लागि निःशुल्क प्रयोग गर्ने कार्बोप्लाटिन र सिसप्लाटिन रहेको भन्दै उक्त औषधि अन्य बिरामीलाई पनि प्रयोग गर्न दिन अनुमतिसहित पठाई दिन आग्रह गरिएको उहाँको भनाइ छ।

डा नेपालले भन्नुभयो, "बालबालिकाका लागि निःशुल्क प्रयोग गर्ने यी औषधि नियर स्क्स्पायोरि (सेप्टेम्बर/अक्टुबर २०२६ सम्म औषधिको म्याद सकिने) रहेका छन्। ती औषधि अन्य बिरामीलाई समेत प्रयोग गर्न दिन अनुमति मागेका छौँ।" उहाँले छुट्टै परियोजनाअन्तर्गतका उक्त औषधि बालबालिकाबाहेक अन्य बिरामीलाई प्रयोग गर्न अनुमति चाहिने बताउनुभयो।

आफूहरूसँग पनि यस्तो औषधि केही मात्रामा रहेको भन्दै स्वास्थ्य सेवा विभागमा पनि केही मात्रामा यी औषधि रहेको आफूलाई जानकारीमा आएको उहाँले बताउनुभयो। यी औषधि चलाउने अनुमतिसहित विभागले पठाएमा अरू बिरामीलाई पनि केही समयलाई उपलब्ध गराउन सकिने डा. नेपालको भनाइ छ। **(रासस)**

## विद्यालय हिँडेका बालक बेपत्ता

जलेश्वर (महोत्तरी), १३ जेठ। महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका-१२ थरुवाही गाउँबाट विद्यालय हिँडेका १२ वर्षीय गौतम यादव सात दिनदेखि बेपत्ता छन्।

गौतम जेठ ७ गते बिहान करिब ६:०० बजे घरबाट जलेश्वर नगरपालिका-२ मा अवस्थित एड्भान्स लर्नर्स हिमालयन अङ्ग्रेजी बोर्डिङ स्कुल गएका थिए। गौतम यादव थरुवाही गाउँ बस्ने बुवा आशुतोष यादव र आमा पुनमाया यादवका छोरा हुन्।

विद्यालय समय सकेर बालक गौतम घर नफर्केपछि परिवारजनले सोही दिन विद्यालयमा सम्पर्क गर्दा उनी विद्यालय नै नआएको विद्यालयबाट जवाफ आएको थियो। बुवा आशुतोष र आमा पुनमले आफ्नो छोरा विगत सात दिनदेखि बेपत्ता रहेको र अहिलेसम्म कुनै अत्तोपत्तो नलागेपछि उनी अपहरणमा परेको वा बेचिएको हुनसक्ने आशङ्का गर्दै जिल्ला प्रहरी कार्यालय महोत्तरीमा निवेदन दर्ता गराउनुभएको छ। **(रासस)**

# व्यवसायिक अदुवाखेती गर्दै खोक्सिकका किसान

भोजपुर, १३ जेठ। भोजपुरको रामप्रसाद राई गाउँपालिका-८ खोक्सिकका किसान व्यावसायिक अदुवाखेतीतर्फ आकर्षित हुन थालेका छन्। परम्परागत खेती प्रणालीबाट आम्दानी सीमित भएपछि किसानले अदुवालाई आम्दानीमुखी बालीका रूपमा अँगाल्दै व्यावसायिक उत्पादन विस्तार गर्न थालेका हुन्।

किसानलाई व्यावसायिक अदुवाखेतीमा लाग्न प्रोत्साहन गर्न वडा तथा गाउँपालिकाले आवश्यक सहयोग गर्दै आएको वडाध्यक्ष बाचकुमार राईले बताउनुभयो। गुँरास सहकारी संस्थामा आबद्ध आठ जनाले किसानले व्यावसायिक रूपमा अदुवाखेती गरिरहेको उहाँले जानकारी दिनुभयो।

स्थानीयस्तरमा उपयुक्त हावापानी र माटोको उपलब्धतासँगै अदुवाखेतीबाट राम्रो उत्पादन लिन सकिने भएपछि किसान यसतर्फ आकर्षित भएको उहाँको भनाइ छ। "हामीले व्यावसायिक अदुवा खेतीमा जोड दिएका छौँ," वडाध्यक्ष राईले भन्नुभयो, "खेती गर्न इच्छुक किसानलाई स्थानीय सरकारले पनि आवश्यक सहयोग गरेको छ। किसानलाई अनुदानमा अदुवाको बीउ वितरण गरेका छौँ।"

आवश्यक अनुदान सहयोगसँगै कृषि ज्ञान, तालिम तथा प्राविधिक सहयोग उपलब्ध भएसँगै अदुवाखेतीमा लाग्न सहजता भएको स्थानीय किसान मनोज राईले बताउनुभयो। "अदुवाखेतीबाट अन्य बालीभन्दा राम्रो आम्दानी हुन थालेको छ," उहाँले भन्नुभयो, "अदुवाबाट राम्रो आम्दानी हुने भएपछि खेती विस्तारमा जुटेका छौँ। यसले घरखर्च चलाउन सहज भएको छ।"

अदुवाखेती परम्परागत बालीको तुलनामा राम्रो आम्दानी हुने स्थानीय किसान कमल राईले बताउनुभयो। अदुवालाई अन्यबालीको तुलनामा बाँदरले पनि कम क्षति पुऱ्याउने भएकाले किसानले खेती विस्तारमा जुटेको उहाँको भनाइ छ।

किसानले व्यक्तिगत तथा सामूहिक रूपमा अदुवाखेती विस्तार गर्दै आएका आएको स्थानीय किसान देवकुमार राईले बताउनुभयो। आफूले अहिले करिब तीन रोपनी क्षेत्रमा अदुवा विस्तार गरेको उहाँले जानकारी दिनुभयो।

स्थानीय तहले अदुवाखेतीको विस्तारसँगै प्रशोधन, भण्डारण र बजारीकरणमा समेत जोड दिने योजना बनाएको छ। यसले खोक्सिक क्षेत्रलाई अदुवा उत्पादनको सम्भावनायुक्त क्षेत्रका रूपमा विकास गर्ने वडाले जनाएको छ। **(रासस)**

। सम्पादकीय ।

# सहिदको स्मरण र योद्धाहरूको सम्मान गर्नु आवश्यक !

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाली जनताको सङ्घर्ष र बलिदानबाट प्राप्त भएको हो। सङ्घर्ष र बलिदानबाट प्राप्त गणतन्त्रमा नेपाली जनताको रगत र पसिना भिजेको छ। यसरी नेपाली जनताको आन्दोलन र सङ्घर्षबाट प्राप्त भएको अधिकारको सदुपयोग गर्दै गणतन्त्र दिवसको अवसरमा गणतन्त्र प्राप्त गर्न ज्यानको बाजी राख्ने सहिद र आन्दोलनका घाइतेहरूको स्मरण गर्नुपर्ने हो, सम्मान गर्नुपर्ने हो, सहिदका परिवारहरूको जीवन सुनिश्चित गर्नुपर्ने हो। सहिदहरूको जीवनी विद्यालयको पाठ्यक्रममा राखेर नयाँ पुस्तालाई सुसूचित पार्नुपर्ने हो। वीर, साहसिक, सङ्घर्षशील नेपालीहरूको देनबारे चर्चा गर्नुपर्ने हो।

गणतन्त्र दिवसको स्मरणमा पहिले सरकारले सहिद र वीर विरङ्गनाहरूको स्मरण र सम्मान होइन अपराधीहरूको सजाय माफी गरेर गणतन्त्रकै महत्व घटाउने काम गरेको थियो। फौजदारी कार्यविधि संहिताले क्रूर र यातनापूर्वक गरिएको हत्या मुद्दामा सजाय माफी हुन नसक्ने व्यवस्था गरे तापनि मन्त्रिपरिषद्को निर्णय भनी राष्ट्रपति रामचन्द्र पौडेलले सजाय माफी गरेका थिए। अदालतभन्दा माथि रहेर राष्ट्रपति पौडेलले अपराधीहरूलाई माफी दिएर राष्ट्रपतिको गरिमा घटाउने पाइला चालेका थिए। यसले गणतन्त्रकै बदनाम हुन्छ। यसले अदालतको अपमान गरेको छ, राष्ट्रपति स्वयम् विवादमा परेका थिए। न्यायपालिकाले दोषी ठहर गरेर सजाय गर्ने अनि कार्यपालिकाले माफी गर्दै जाने कामले न्यायपालिकाको स्वतन्त्रतामा असर पर्छ कि पर्दैन ? के गणतन्त्र अपराधीहरूलाई एकपछि अर्को मिनाहा दिन नेपाली जनताले ल्याएका हुन् ?

के अपराधीहरूलाई मिनाहा गरेर देश आदर्शोन्मुख बन्छ ? अपराधीलाई मिनाहा गरेर देशमा विधिको शासन हुन्छ ? के राष्ट्रपतिको काम अपराधीलाई छुट दिँदै जाने हो ? अपराधीलाई छुट दिएर सत्तासीन दलका नेता, मन्त्री र राष्ट्रपति कसरी इज्जतदार बन्छन् ? अपराधीहरूलाई छुट दिएर के देशको इज्जत बढ्छ ? पहिले पहिले पनि यस्तै कुनै न कुनै अवसरमा छुट दिएर अपराधीहरूलाई खुसी पार्ने काम गरिएको थियो। अनि किन देशमा अपराधीहरूको सङ्ख्या बढ्दैन ? स्मरणीय छ, जिल्ला अदालतले मुख्य दोषी रेशम चौधरीलाई ०७५ फागुन २२ मा जन्मकैद फैसला सुनाएको थियो। सर्वोच्च अदालतले जेठ २ गते उच्च अदालतको फैसलालाई सदर गरेको थियो। जिल्ला अदालत कैलाली, उच्च अदालत दीपायल र सर्वोच्च अदालत काठमाडौँले दोषी ठहर गरेको व्यक्तिलाई मिनाहा दिनु के उचित हो ?

राष्ट्रपतिको पहिलो गाँसमै ढुङ्गा परेको छ। नागरिकता विधेयकमा पनि राष्ट्रपतिले प्रमाणीकरण गरेर देशको अस्तित्वमा आँच पुऱ्याउने काम गरे। त्यसपछि एसपीपी कार्यक्रममा पनि सही गरेर अमेरिकी सेना खुलमखुला नेपालमा भित्र्याउने काम भयो ? बझाङमा अमेरिकी क्याम्प खडा गरेर अमेरिकी सेना र अमेरिकी सेनाको पोशाकमा अमेरिकी गुप्तचरहरू छिरिरहेको समाचार प्रकाशमा आइरहेको छ। देश र जनताको मरिमेट्ने, जीवन त्याग गर्नेहरूको सम्मान, स्मरण गरेर, देशको लागि उल्लेख्य योगदान गर्ने व्यक्तिहरूको सम्मान गरेर खुसी मनाउने समयमा अपराधीहरूको स्वागत र जयजयकार गरेर मनाउने दिन यो सरकारले नगरोस्।

# सरकारले बचत फिर्ता गर्दैगर्दा सहकारी ठगहरूले उन्मुक्ति पाउने त होइन !



रामप्रसाद प्रजापति

**सहकारी अध्यादेश, २०८३**

सरकारले वैशाखको ८ गते बसेको मन्त्रीपरिषद्को बैठकबाट वैशाखको १७ गतेदेखि सङ्घीय संसद्‌को अधिवेशन बोलाउने निर्णय सार्वजनिक गरिसकेको थियो।

तर अचानक दुई दिनपछि वैशाख १० गते सरकारले वैशाख १७ गतेको बैठक स्थगित गर्ने निर्णय गर्छ लगत्तै करिब आधा दर्जन अध्यादेशहरू जारी गर्छ।

जारी भएका केही अध्यादेशहरूमध्ये एउटा चर्चित अध्यादेश सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ पनि हो।

देशभर सहकारी ठगी, सहकारीको रकम अपचलन, बचतकर्ताको रकम फिर्ता नगर्नुजस्ता समस्या चुचुरोमा पुगेका बखत सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधमा मुद्दा चली कारबाहीयुक्त अवस्थामा रहेको रवि लामिछानेविरुद्ध चलिरहेका मुद्दाको अभियोजन पक्ष सरकारी वकिलको कार्यालयबाट अभियोजन संशोधनको नाममा सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधको मुद्दा फिर्ता लिने निर्णय गऱ्यो। जेनजी आन्दोलनपछि गठित सुशीला कार्कीको सरकारको कार्यकालमा महान्यायाधीवक्ताको कार्यालयबाट भएको उक्त अभियोजन संशोधनको व्यापक विरोध भएको थियो।

जेनजी आन्दोलनपछि जेलबाट भागेका वा भगाइएका भनिएका रवि लामिछानेलाई निर्वाचन लड्न र निर्वाचित भई सांसद् प्रवेश गर्दा रोक नलागोस् वा संसद् पद निलम्बनमा नपरोस् भन्ने उद्देश्यले उक्त निर्णय भएको भन्दै चौतर्फी आलोचना भएको थियो। तर, रवि लामिछानेको मात्रै नभई सरकारले रवि लामिछाने सँगसँगै सोही मुद्दामा प्रतिवादी बनाइएका छविलाल जोशी र जीबी राई समेतविरुद्ध दायर भएको अभियोजनपत्रबाट अभियोजन संशोधन र एकरूपता कायम गर्न भन्दै तीनै जनाविरुद्धको सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधको मुद्दा फिर्ता लिने निर्णय गऱ्यो।

देशमा करिब १८ वर्षपहिले नै सहकारीको पैसा हिनामिना, अपचलन गरी सहकारी ठगी गरेको आरोप लागेको ओरियन्टल सहकारी संस्थाका बचतकर्ताहरूले बचत रकम फिर्ता पाएका छैनन्। हालै प्रकाशित सार्वजनिक सूचनाअनुसार ओरियन्टल सहकारी संस्थाका सञ्चालकहरूले सहकारीको रकम हिनामिना गर्दैगर्दा संस्थाबाट ऋण लिई भाखाभित्र ऋण चुक्ता नगर्ने ऋणीहरूको कारण पनि समस्या आएको रहेछ भन्ने देखिएको छ।

जस्तो उदाहरणका लागि भक्तपुरबाट मात्रै ओरियन्टल सहकारी संस्थाले तत्कालीन अवस्थामा करिब ६२ करोड रुपैयाँ हिनामिना गरी बचत रकम फिर्ता नगरेको भन्ने सुनिन्छ। सामान्य अर्थमा भक्तपुरबाट मात्रै ६२ करोड रुपैयाँ ठगी गरी लगे भन्ने हामी सर्वसाधारणलाई लागेको थियो। तर, अहिले सार्वजनिक भएको ओरियन्टल सहकारी संस्थाका ऋणीहरूको विवरण हेर्दा भक्तपुरकै पनि धेरै ऋणीहरूले ऋण लिई ऋण चुक्ता नगरेको देखियो।

सरकारले साना बचतकर्ताहरूको बचत रकम फिर्ता दिने नाममा संसद्को अधिवेशन बोलाइसकेको पनि स्थगित गरेर अध्यादेशमार्फत सहकारी ऐन, २०७४ मा केही संशोधन गरेको देखियो।

सहकारी ऐन, २०७४ को मूल ऐनको दफा १०३ ज मा संशोधन गरी सहकारी संस्थाको ऋण असुलीका लागि आवश्यक सहजीकरण गर्ने वा गराउने उद्देश्य थप गरिएको छ भने उपदफा (२) को खण्ड (घ) पनि निश्चित अवधि तोकी बचतकर्ताहरूको बचत रकम फिर्ता गर्न आदेश दिने व्यवस्था थप गरिएको छ।

त्यस्तै सोही खण्डमा आवश्यकताअनुसार नेपाल प्रहरीलगायतका निकायको सहयोग लिई प्राधिकरणमा उपस्थित गराई कारबाही अघि बढाउने, प्राधिकरणले दिएको आदेशानुसार बचत रकम फिर्ता नगर्ने वा सो कार्यमा सहयोग नगर्ने बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाका सञ्चालक, कर्मचारी, सम्बन्धित अन्य व्यक्तिको नाममा रहेको चल अचल सम्पत्ति रोक्का गर्ने र विदेश यात्रामा प्रतिबन्ध लगाउने व्यवस्था थप गरिएको छ।

त्यस्तो प्रक्रिया अवलम्बन गर्दा पनि बचतकर्ताको बचत रकम फिर्ता नगरेमा प्राधिकरणले उक्त बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाका सञ्चालक, कर्मचारी, सम्बन्धित अन्य व्यक्ति वा निजको परिवारका सदस्यलाई प्रचलित कानुनबमोजिम कसूर कायम गरी कारबाही चलाउन सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउने कानुनी व्यवस्था पनि सहकारी अध्यादेश, २०८३ ले गरेको पाईन्छ।

अध्यादेशले परिवारको परिभाषामा व्यापकता दिँदै 'परिवार' भन्नाले सदस्यको देहायको नाताको व्यक्ति सम्झनुपर्छ भनिएको छ :

१) पति, पत्नी, छोरा, छोरी, बुहारी, छोरी, ज्वाइँ, धर्मपुत्र, धर्मपुत्र बुहारी, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफैले पालन पोषण गर्नुपर्ने दाजु, भाउजू भाइ, भाइ बुहारी, दिदी, बहिनी, ।

२) पुरुष सदस्यको हकमा निजका बाजे, बज्यै, सासू, ससुरा तथा महिला सदस्यको हकमा निजको सासू, ससुरा र

३) दफा ८८ बमोजिम लगातार दुई वर्षसम्म कारोबार नगरी निष्क्रिय रहेको, यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमावलीविपरीत कार्य गरेको, लिक्विडेसन वा खारेजीमा गएको र ऐनको दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भएको सहकारी संस्थाको सदस्यको हकमा अंशवण्डा गरी, मानो छुट्टिई वा सम्बन्ध विच्छेद भई बसेको परिवारको सदस्यसमेतबाट असुर उपर तथा कारबाही गर्न सकिने गरी परिवारको सदस्यको परिभाषालाई व्यापक बनाइएको छ।

त्यस्तै नातेदार भन्नाले काका, काकी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी बुहारी, मामा, माइजू, भिनाजु, ज्वाइँ, भान्जा, भान्जी, साला, साली, जेठान, जेठानी, फुपू, फुपाजु, नातिनी ज्वाइँ, भिन्न भएका सासू, ससुरा, दाजु, भाइ, भाउजू, भाइ बुहारी र निजका एकाघरका सदस्य सम्झनुपर्छ र सो शब्दले आफू सदस्य रहेको सहकारी संस्थामा काम गर्ने कर्मचारीलाई समेत जनाउँछ भनिएको छ।

**सरकारले बचत फिर्ता गर्ने !**

बचतकर्ताहरूको बचत फिर्ता गरिने सम्बन्धमा अध्यादेशले सहकारी ऐन, २०७४ को दफा १०८ (ख) थप गरी दफा १०८ (ख) मा चक्रीय राहत कोषको स्थापना गर्न सक्ने व्यवस्था गरेको छ। जसअनुसार दफा ११२ (क) बमोजिम दाबी गरेको समस्याग्रस्त सहकारी संस्थाका सदस्यहरूलाई तत्काल बचत फिर्ता गर्ने प्रयोजनका लागि व्यवस्थापन समितिमा नेपाल सरकारले एक चक्रीय राहत कोषको स्थापना गर्न सक्नेछ भन्दै कोषमा नेपाल सरकारबाट प्राप्त रकम, सम्बन्धित संस्थाबाट सोधभर्ना बापत फिर्ता भएको रकम र अन्य स्रोतबाट प्राप्त रकम रहने भनिएको छ।

व्यवस्थापन समितिले कोषमा नेपाल सरकारबाट प्राप्त रकम क्रमशः समस्याग्रस्त संस्थाको अधिकार क्षेत्रमा रहेका ऋणीको चल अचल सम्पत्ति र अन्य स्रोतबाट असुली भई आएको रकमबाट क्रमशः शोधभर्ना गर्दै जाने व्यवस्था गरिएको छ।

बचत फिर्ताका नाममा सरकारले बचतकर्ताको रकम फिर्ता गर्दै जाने कार्यले सरकारलाई आर्थिक व्यवस्थापनको भार पर्ने तर सहकारी ठगहरूले उन्मुक्ति पाउँदै जाने हो कि भन्ने आशङ्का पनि गरिएको छ।

अध्यादेशले सहकारीहरूले नियमविपरीत काम गरेमा वा प्राधिकरणको निर्देशन पालना नगरेमा अनुमतिपत्र निलम्बन गर्न सकिने व्यवस्था गरेको पाइन्छ।

निश्चित अवधि तोकेर बचतकर्ताको बचत रकम फिर्ता दिन प्राधिकरणले आदेश दिन सक्ने, आवश्यकताअनुसार प्रहरीलगायतका निकायको सहयोगबाट कारबाही प्रक्रिया अगाडि बढाउन, प्राधिकरणले दिएको आदेश नमाने बचत रकम फिर्ता नगर्ने वा सहयोग नगर्ने सहकारी संस्थाका सञ्चालक कर्मचारी र सम्बन्धित अन्य व्यक्तिको नाममा रहेको चलअचल सम्पत्ति रोक्का र विदेश यात्रामा प्रतिबन्ध लगाउने अधिकार सहकारी प्राधिकरणलाई दिइएको छ।

बचत फिर्ता नभए सञ्चालक, कर्मचारी अन्य व्यक्ति र परिवारका सदस्यलाई कानुनअनुसार कसुर कायम गरेर कारबाही गर्न प्रहरी कार्यालयमा लेखी पठाउने र समस्याग्रस्त घोषणा गर्नु अगाडि नै जिम्मेवार पदाधिकारीसहितका व्यक्तिको सबै सम्पत्ति रोक्का राखेर विदेश भ्रमणमा समेत रोक लगाएपछि मात्रै सङ्कटग्रस्त घोषणा गर्ने व्यवस्था अध्यादेशले गरेको पाइन्छ।

यसरी अब बचतकर्ताको रकम फिर्ता नगर्ने सहकारी संस्थाहरूविरुद्ध प्राधिकरणमा उजुरी गर्न सकिने, प्राधिकरणले सम्बन्धित सहकारी संस्था र सञ्चालकहरूलाई बोलाई बचत रकम फिर्ता गर्न आदेश दिँदा समेत फिर्ता नदिने सहकारी संस्थाका सञ्चालकविरुद्ध प्रहरी कार्यालयमा लेखी पठाएअनुसार कानुनबमोजिम कारबाही हुने व्यवस्था लागू गरिएको छ।

अध्यादेशमा सहकारी संस्थाको रकम हिनामिना, अपचलन गर्नुका साथै विदेशमा लाने सहकारी सञ्चालक तथा सहकारी सञ्चालकहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित बनाई वा दबाबमा पारी वा लोभलालच, प्रलोभनमा पारी नाममात्रको सञ्चालक बनाई पर्दा पछाडिबाट सहकारी तथा सहकारीको रकम हिनामिना गर्ने मानिसहरूको पहिचान गरी कडा कारबाही गर्नुका साथै सर्वसाधारण बचतकर्ताहरूको बचत रकम तत्काल फिर्ता हुने व्यवस्था मिलाई अध्यादेशमा अझै आवश्यक सुधार गरी सहकारी ऐन, २०७४ सम्बन्धी कानुन संसद्बाट यथाशीघ्र पारित गरिनु जरुरी छ।

ताकि सहकारी ठगी, बचतकर्ताको रकम हिनामिना/अपचलनसम्बन्धी मुद्दा अदालतमा विचाराधीन रहेका मुद्दाका प्रतिवादीहरू र मुद्दा चल्न बाँकी कसुरदारहरू कोही कसैले उम्किन, भाग्न र उन्मुक्ति नपाऊन्।

२०८३ जेठ १०

# गुमायो हनुमन्ते खोलाले प्राकृतिक गुण



पाठक पत्र

म कलेज जाने बाटोमा हनुमन्ते खोला पर्छ। यस खोलाको अवस्था देखेर चकित भएँ। खोला एकदमै कालो र फोहोर थियो, खोलाबाट सहन नसक्ने गरी गन्ध आएकोले हिँड्न नै मुश्किल रहेको थियो। हनुमन्ते खोलाको यस्तो अवस्था देखेर मलाई यस खोलाको माया पनि लाग्यो र सोचेँ यस खोलाको यस्तो गम्भीर अवस्था हुँदा पनि कसैलाई किन चासो नभएको होला ?

हनुमन्ते खोलाको यस्तो अवस्था हुनुमा मुख्यतया मानिसकै गल्ती छ। प्लास्टिकका विभिन्न सामानहरू खोलामा फाल्ने, उद्योग-कारखाना, विद्यालय तथा घरबाट निस्किएको फोहोर पानीलाई प्रशोधन नगरी सिधै खोलामा निकास गर्नु, कृषिबाट निस्किएको रसायनयुक्त पानीलाई सिधै खोलामा मिसाउने, खोलाको छेउमा पूजा गरी जथाभावी फोहोर फाल्नेजस्ता गतिविधिले हनुमन्ते खोला प्रदूषित भएको हो। हनुमन्तेको यस्तो फोहोर पानीलाई कृषकहरूले अन्न र तरकारीमा प्रयोग गरेको मैले मेरो दुई आँखाले देखेको छु। यस्तो फोहोर पानी प्रयोग गरेको तरकारी तथा अन्न खाँदा झाडापखाला, टाइफाइडजस्ता अन्य रोग लाग्ने निश्चित छ। पानीमा भएका माछा खासै देखिँदैनन्। त्यसैले खोला फोहोर गर्दा मानिस, वातावरण तथा पानीमा बस्ने सबै प्राणीलाई हानि गर्दछ। नगरपालिकाले घर घरमा गएर फोहोर सङ्कलन गर्ने कार्यले केही हदसम्म खोलालाई फोहोर हुनबाट जोगाएको छ।

भक्तपुर, मध्यपुर-थिमि, नगरपालिका, सूर्यविनायक, चाँगुनारायण नगरपालिका मिलेर हनुमन्तेलाई सफा गर्ने योजना बनाएका थिए र केही हदसम्म खोला सफा पनि भएको सुनिन्छ। तर, यो कार्य समय समयमा हुन सकेको छैन। हनुमन्तेको अवस्था देख्दा सरकारले यसको अवस्थाबारे खासै ध्यान नदिएको देखिन्छ। खोलाको महत्त्वको बारेमा जनतामा चेतना फैलाउनु निकै आवश्यक छ। समय समयमा जनताको सहभागिताले खोला सफा गर्नु आवश्यक छ।

जनतामाझ खोलाको महत्त्वबारे चेतना फैलाउने, जनताको सहभागितामा खोला समय समयमा सफा गर्ने, फोहोर खोलामा नफाली नगरपालिकाको फोहोर सङ्कलन गर्ने गाडीलाई बुझाउने, साथै सम्बन्धित निकायले खोलाको अवस्था समय-समयमा जाँच गर्ने जस्ता उपायले हनुमन्तेलगायत अरू सबै खोला सफा राख्न सकिन्छ।

हनुमन्ते खोला निकै महत्त्वपूर्ण प्राकृतिक सम्पत्ति हो। यस खोलाको पानी उद्योग, कारखाना तथा कृषिमा प्रयोग गर्न सकिन्छ र पानीको समस्या तथा खर्च कम गर्न सकिन्छ, माछालगायत अन्य जीवको सुरक्षाको लागि खोला सफा राख्नु र जोगाउन आवश्यक छ। यस खोलाले आफ्नो प्राकृतिक सुन्दरता गुमाइसकेको छ। त्यसैले यसको सुन्दरता पूर्णरूपमा निर्माण गर्नु हामी सबैको कर्तव्य हो।

***- सौजन्य रावत, बीएस्सी प्रथम वर्ष, ख्वप कलेज।***

# अडिग क्युबा !

✍ **हेलेन याफे**

१८ मे २०२६ मा, संयुक्त राष्ट्र सङ्घको विश्व स्वास्थ्य सभामा क्युवाकी प्रतिनिधि डा. तानिया मार्गारीटा क्रुज हर्नान्डेजले अमेरिकी सैन्य आक्रमणको धम्कीको भर्त्सना गर्दै भनिन्, “महाशक्ति राष्ट्रको तर्फबाट गरिने यस्तो क्रूर र असभ्य कार्यलाई कुनै पनि कुराले न्यायोचित ठहर गर्न सक्दैन ।” उनले थपिन्, “क्युवाले सबै शान्तिप्रेमी राष्ट्रहरूलाई यस्तो आक्रामकता रोक्न एकजुट हुन आह्वान गर्दछ र क्युवाली जनताले आफ्नो सार्वभौमसत्ता र स्वतन्त्रताको रक्षा गर्नेछन् ।” उनको यो भनाइ यस्तो समयमा आएको छ जब अमेरिकी सरकारको युद्धोन्माद सन् १९६२ को ‘क्युवाली मिसाइल सङ्कट’ यता नदेखिएको चरम अवस्थामा पुगेको छ, जतिबेला केही अधिकारीहरूले राष्ट्रपति केनेडीलाई टापु राष्ट्रमाथि आक्रमण गर्न वा ‘परमाणु बम’ प्रहार गर्न उक्साएका थिए ।



परमाणु युद्धको यो खतराभन्दा अघिदेखि नै अमेरिकाले क्रान्तिकारी क्युवाविरुद्ध आर्थिक युद्ध छेड्दै आएको थियो । यो सन् १९६० मा अमेरिकी कूटनीतिज्ञ लेस्टर म्यालोरीको एक गोप्य ज्ञापनपत्रमा उल्लेख गरिएको अमेरिकी नीतिको आधारशिला हो । उक्त पत्रमा क्युवाली सरकारप्रति जनसमर्थन रहेको स्वीकार गर्दै ‘भोक, निराशा र सरकारको पतन निम्त्याउन’ आर्थिक युद्धको प्रस्ताव गरिएको थियो । एक शक्तिशाली कट्टर दक्षिणपन्थी निर्वासित लबीको समर्थनमा, ट्रम्प र रुबियोले यो रणनीतिलाई चरम सीमामा पुऱ्याइरहेका छन् ।

ट्रम्पको पहिलो प्रशासनले अधिकतम दबाबको नीति अवलम्बन गर्दै क्युवालाई विश्वव्यापी व्यापार, लगानी र अन्तर्राष्ट्रिय वित्तीय प्रणालीबाट अलग गर्न २४० भन्दा बढी नयाँ प्रतिबन्धहरू र जबरजस्ती उपायहरू लागू गऱ्यो । यो समय कोभिड-१९ महामारीसँग जुध्न पुग्यो र यसले क्युवालाई ठुलो प्रहार गऱ्यो : बिजुली कटौती पुनः सुरु भयो, उपभोग्य वस्तु र औषधिहरूको अभाव भयो, मुद्रास्फीति र बसाइँसराइ बढ्यो र अन्तर्राष्ट्रिय सञ्चित कोष रित्तियो ।

ट्रम्प सत्तामा फर्कनुअघि नै क्युवालीहरू सङ्घर्षरत थिए, जसमा क्युवाली समाजवादको कडा विरोध गरेरै आफ्नो करियर बनाएका विदेशमन्त्री मार्को रुबियोको मुख्य भूमिका थियो । ट्रम्प र रुबियो यसै वर्षको अन्त्यसम्ममा क्युवामा शासन परिवर्तन गर्न कटिबद्ध देखिएका छन् ।

२९ जनवरीमा, ट्रम्पले एक कार्यकारी आदेशमा हस्ताक्षर गर्दै दाबी गरे कि क्युवा अमेरिकी राष्ट्रिय सुरक्षा र विदेश नीतिका लागि ‘असामान्य र असाधारण खतरा’ हो । उनले क्युवालाई तेल बेच्ने वा उपलब्ध गराउने देशहरूका सामानमा भन्सार महसुल लगाउने अधिकारसमेत दिए । यसअघि डिसेम्बर २०२५ मा भेनेजुयलाको तेल बोकेका ट्याङ्करहरू जफत गरिएको थियो र ३ जनवरीमा भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरो र उनकी पत्नी सिलिया फ्लोरेसको हिंसात्मक अपहरण भएको थियो । अमेरिकाले भेनेजुयलाको तेलमाथि नियन्त्रण जमायो । फलस्वरूप, मेक्सिको र अन्य देशहरूले क्युवामा तेल पठाउन बन्द गरे ।

### एक नरसंहारकारी नीति

अमेरिकी तेल नाकाबन्दीले क्युवाका प्रत्येक क्षेत्रमा तत्काल र विनाशकारी प्रभाव पारेको छ : अस्पताल, विद्यालय र विश्वविद्यालय, उद्योग, यातायात, शीत-भण्डारण, खाद्य उत्पादन र वितरण, पानी पम्पिङ र ग्यास आपूर्ति, फोहोर सङ्कलन र यस्तै अन्य । यो एक नरसंहारकारी नीति हो, जसले सर्वव्यापी पीडा सिर्जना गरिरहेको छ । यसले विशेष गरी कमजोर क्युवालीहरूलाई प्रहार गरेको छ : बालबालिका, वृद्धवृद्धा र अशक्तहरू, फोनको प्रकाशको भरमा बच्चा जन्माउन बाध्य गर्भवती महिलाहरू र इन्क्युबेटरमा रहेका समय नपुगी जन्मिएका शिशुहरू ।

२८ फेब्रुअरी २०२६ मा इरानमाथि गरिएको आक्रमणले पनि क्युवाविरुद्धको अमेरिकी धम्कीलाई रोकेको छैन । मार्च २७ मा रुबियोले घोषणा गरे, “क्युवाको अर्थतन्त्र परिवर्तन हुन आवश्यक छ र जबसम्म त्यहाँको शासन व्यवस्था परिवर्तन हुँदैन, तबसम्म उनीहरूको अर्थतन्त्र परिवर्तन हुन सक्दैन ।’ यसअघि ट्रम्पले आफूले ‘क्युवालाई कब्जा गर्ने सम्मान’ पाउने फूर्ति लगाउँदै थपेका थिए, “मलाई लाग्छ म यससँग जे चाहन्छु त्यही गर्न सक्छु” (१६ मार्च) । उनले निकै लापरवाह ढङ्गले इरानबाट फर्कने क्रममा अमेरिकी सेना क्युवामा रोकिन सक्ने दाबी गरे । यो एक मनोवैज्ञानिक युद्ध हो, जुन अमेरिकी आक्रामकताको एक अभिन्न अङ्ग हो ।

### क्युवाको विकासको वैकल्पिक मोडल : मानव कल्याण र वातावरणीय चासो

क्युवाली नेताहरूले शान्ति र संवादप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्याउँदै प्रतिक्रिया दिएका छन्, तर चेतावनी पनि दिएका छन् कि कुनै पनि आक्रमणको कडा प्रतिरोध गरिनेछ, जसले दुवै पक्षमा ठुलो क्षति पुऱ्याउनेछ । तेल नाकाबन्दीको झन्डै पाँच महिना बितिसक्दा पनि क्युवा ध्वस्त भएको छैन र त्यहाँका जनताले विद्रोह पनि गरेका छैनन् । अप्रिलको अन्तिम १० दिनमा, १० मिलियन (१ करोड) भन्दा कम जनसङ्ख्या भएको क्युवाका ६.२ मिलियन (६२ लाख) भन्दा बढी नागरिकहरूले अमेरिकी नाकाबन्दी, तेल घेराबन्दी र सैन्य आक्रमणको धम्कीको खण्डन गर्दै र देशको शान्ति र सार्वभौमसत्ताको अधिकारलाई सुनिश्चित गर्दै एउटा निवेदनमा हस्ताक्षर गरे । मे १ मा, आधा मिलियन क्युवालीहरूले हवानास्थित अमेरिकी दूतावास अगाडि प्रदर्शन गर्दै अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाए; देशैभरि लाखौं अन्यले प्रदर्शन गरे ।

तेल नाकाबन्दीको झण्डै पाँच महिना बितिसक्दा पनि क्युवा ध्वस्त भएको छैन र त्यहाँका जनताले विद्रोह पनि गरेका छैनन् ।




दण्डस्वरूप, ट्रम्पले मे १ मा दोस्रो कार्यकारी आदेश जारी गरे, जसमा क्युवाले अमेरिकालाई खतरा पुऱ्याएको कुरा दोहोऱ्याउँदै क्युवासँग संलग्न विश्वका कुनै पनि स्थानका निकायहरूलाई सजाय दिन व्यापक ‘एक्स्ट्राटेरिटोरियल’ (बहिर्देशीय) प्रतिबन्धहरूको घोषणा गरे । मे ७ मा थप प्रतिबन्धहरू लगाइयो - जुन यति कठोर र व्यापक थिए कि क्यानेडियन खानी कम्पनी ‘शेरिट इन्टरनेसनल’ लाई तीस वर्षपछि क्युवामा आफ्नो सञ्चालन तुरुन्तै बन्द गर्न बाध्य तुल्यायो । क्युवाले धेरैजसो ढुवानीका लागि भर पर्ने सिपिङ कम्पनीहरूलगायत अन्य कम्पनीहरूले पनि त्यसै गरे ।

मे ८ मा, रुबियोले दाबी गरे कि क्युवाली सरकारले १०० मिलियन डलरको अमेरिकी मानवीय सहायताको प्रस्ताव अस्वीकार गऱ्यो । क्युवालीहरूले यो सत्य नभएको जवाफ दिएका छन् । जेसुकै भए पनि, यस्तो प्रस्ताव आफैँमा हास्यास्पद छ किनभने क्युवाको मानवीय सङ्कट अमेरिकी नीतिहरूको जानाजानी परिणाम हो । यो ‘प्रस्ताव’ प्रति क्युवाली १० डलर बराबर मात्र हुन्छ, जबकि अमेरिकी नाकाबन्दीका कारण क्युवाले मार्च २०२४ र फेब्रुअरी २०२५ को बिचमा मात्रै ७.५ बिलियन डलर गुमाएको थियो; जुन प्रतिमहिना झन्डै ६,३९,००० डलर हुन आउँछ ।

सन् १९६२ यता सन् २०२५ सम्मको कुल सञ्चित लागत १७० बिलियन डलरभन्दा बढी भइसकेको छ । यदि अमेरिका क्युवाको मानवीय सङ्कट कम गर्न गम्भीर हुन्थ्यो भने उसले अमेरिकी नाकाबन्दी अन्त्य गर्ने थियो र क्युवालाई ‘आतङ्कवादलाई प्रश्रय दिने राष्ट्र’ को मिथ्या सूचीबाट हटाउने थियो । यो सूचीले क्युवालाई अन्तर्राष्ट्रिय वित्तीय प्रणालीबाट अलग राख्छ र लेनदेन, व्यापार तथा लगानीमा अवरोध पुऱ्याउँछ ।

### मनोवैज्ञानिक युद्ध

यस मनोवैज्ञानिक युद्धमा झूट र सूचना चुहावट अभिन्न अङ्ग हुन्, जसमा ‘क्यास्ट्रो’ परिवारसँग गोप्य वार्ता भइरहेको भन्ने दोहोरिइरहने अड्कलबाजीहरू पनि समावेश छन् । क्युवाली नेताहरूले भविष्यको संवादको दायराका बारेमा प्रारम्भिक छलफलहरू भएको कुरा स्वीकार गर्छन् । तर, उनीहरू यो कुरामा अडिग छन् कि क्युवाको राजनीतिक र आर्थिक प्रणाली वा यसको नेतृत्व वार्ताको विषय हुन सक्दैन । वासिङटनको अनुरोधमा सीआईए निर्देशक जन र्याट्क्लिफले १४ मेमा हवानामा क्युवाली अधिकारीहरूसँग भेट गरेपछि यो अड्कलबाजी झन् तीव्र भएको छ । यो भ्रमण आफैँमा क्युवालाई ‘असफल राज्य’ भन्ने अमेरिकी दाबीको विपरीत छ । वासिङटनले आफ्नो शीर्ष गुप्तचर प्रमुखलाई पक्कै पनि पतन हुन लागेको राज्यमा पठाउने थिएन ।

अहिले अमेरिका क्युवाले खतरा पैदा गरेको छ भन्ने प्रमाणहरू बनाउन हतारिरहेको छ । १७ मेमा, वर्गीकृत स्रोतहरू र अज्ञात (र त्यसैले जवाफदेही नहुने) अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै क्युवाले ३०० वटा ड्रोनहरू प्राप्त गरेको दाबी गरिएको एक रिपोर्ट सार्वजनिक भयो र यो सूचनालाई वासिङटनले सैन्य कारबाहीको बहानाको रूपमा प्रयोग गर्न सक्ने उल्लेख गरियो । एक हप्ताको अड्कलबाजीपछि, २० मेमा क्युवाका ९४ वर्षीय पूर्वराष्ट्रपति राउल क्यास्ट्रोविरुद्ध अमेरिकी सङ्घीय फौजदारी अभियोग जारी गरियो । यो अभियोग सन् १९९६ मा दक्षिणपन्थी निर्वासित समूह ‘ब्रदर्स टु द रेस्क्यु’ द्वारा सञ्चालित दुईवटा विमानहरू खसालेको घटनासँग सम्बन्धित थियो, जसले क्युवाली हवाई क्षेत्रको २५ पटक उल्लङ्घन गरेको थियो र हवानामाथि पर्चाहरूसमेत खसालेको थियो ।

उक्त समूहमा आफ्ना मान्छे घुसपैठ गराएको हुनाले क्युवालीहरू उनीहरूको आतङ्कवादी योजनाबारे सचेत थिए । अमेरिकी र अन्तर्राष्ट्रिय अधिकारीहरूलाई पटक-पटक चेतावनी दिएपछि मात्र उनीहरूले विमान खसालेका थिए, जसमा चार जनाको मृत्यु भएको थियो । सोही घटनाले तत्कालीन राष्ट्रपति क्लिन्टनलाई त्यसै वर्षको अन्त्यमा ‘हेल्म्स बर्टन एक्ट’ मा हस्ताक्षर गर्न बाध्य तुल्याएको थियो, जसले तेस्रो पक्षलाई क्युवासँग व्यापार र लगानी गर्नबाट रोक्न अमेरिकी नाकाबन्दीको ‘एक्स्ट्रा टेरिटोरियल’ पहुँचलाई नाटकीय रूपमा विस्तार गऱ्यो । भेनेजुयलामा पनि मादुरोविरुद्धको अभियोगले ट्रम्पलाई सैन्य आक्रमणलाई युद्धको सट्टा ‘कानुन कार्यान्वयन’ को विषयका रूपमा प्रस्तुत गर्न मद्दत गऱ्यो, जसले गर्दा अमेरिकी कङ्ग्रेस र ‘वार पावर्स रिजोलुसन’ लाई छल्न सजिलो भयो ।

यी सबै गतिविधिहरू सैन्य आक्रमणका लागि ‘सहमति निर्माण’ गर्न रचिएका हुन् । हामीले यो बिर्सिदिनुपर्नेछ कि अमेरिकाले क्यारिबियन र पूर्वी प्रशान्त क्षेत्रमा डुङ्गामा सवार झन्डै २०० मानिसहरूको गैरन्यायिक हत्या गरेको छ; हामीले अमेरिकी आक्रमणको पहिलो दिनमै बमबारीमा परेको इरानी विद्यालय बिर्सनुपर्नेछ, जहाँ १७० भन्दा बढी बालबालिका र शिक्षकहरूको ज्यान गएको थियो; हामीले यो स्वीकार गर्नुपर्नेछ कि क्युवा नै खतरा हो ।

अमेरिकी आक्रमण कस्तो स्वरूपको हुनेछ भन्ने कुराको भविष्यवाणी गर्न गाह्रो छ । राष्ट्रप्रमुखलाई हटाउने ‘भेनेजुयला मोडल’ क्युवाली सरकारविरुद्ध काम लाग्दैन, किनकि त्यहाँको प्रणाली सहमतिमा चल्छ र एकतालाई सर्वोपरी मान्छ । यसैबिच, इरानसँगको अमेरिकी युद्धले यो देखाएको छ कि अत्यधिक सैन्य श्रेष्ठताले मात्र छिटो वा सहज विजयको ग्यारेन्टी गर्दैन ।

### क्युवाको विकल्प

क्युवाले अमेरिकी शत्रुताका छ दशकभन्दा बढी समय बाँचेर देखाउने साहस गरेको छ, जसमा प्रत्यक्ष र परोक्ष सैन्य कारबाही, तोडफोड र आतङ्कवाद, आर्थिक युद्ध, राजनीतिक बहिष्करण, खतरनाक बसाइँसराइको प्रोत्साहन, रेमिट्यान्समा अवरोध, पारिवारिक भेटघाट र भिसामा रोक र शासन परिवर्तनका कार्यक्रमहरूका लागि दिइने मोटो रकमहरू सामेल छन् ।

यद्यपि, यसको प्रतिरोधको सबैभन्दा राम्रो स्वरूप राष्ट्रिय सार्वभौमसत्ताको दाबी मात्र नभएर विकासको एउटा यस्तो वैकल्पिक मोडलको सिर्जना हो, जसले मानव कल्याण र वातावरणीय चासोलाई आफ्नो केन्द्रमा राख्छ । यो गरिब र नाकाबन्दीमा परेको टापुले विश्वकै अग्रणी मानव विकास सूचकहरू र प्रतिव्यक्ति चिकित्सकहरूको उच्चतम अनुपात हासिल गरेको छ । यसले विश्वकै सबैभन्दा ठुलो अन्तर्राष्ट्रिय मानवीय सहायता परिचालन गरेको छ, जहाँ ६,००,००० भन्दा बढी क्युवाली स्वास्थ्यकर्मीहरूले १८० भन्दा बढी देशहरूमा मानिसको ज्यान बचाउने र स्वास्थ्य सुधार गर्ने कार्य गरेका छन् । यसले चिकित्सा विज्ञानमा विश्वव्यापी नवाचारहरूमा योगदान पुऱ्याएको छ, जसमा विश्वको पहिलो ‘मेनिन्जाइटिस बी’ खोप, फोक्सोको क्यान्सरको ‘इम्युनोथेरापी’, कोभिड-१९ का खोपहरू र मधुमेहका कारण हुने खुट्टाको अल्सर निको पार्ने उपचार विधि सामेल छन् । अहिले पनि उनीहरू अल्जाइमरका लागि एक आशाजनक नयाँ उपचारको परीक्षण गरिरहेका छन् । खेलकुद, सङ्गीत, संस्कृति र कलामा क्युवाको योगदानलाई विश्वभर प्रशंसा गरिन्छ ।

संयुक्त राज्य अमेरिकाका लागि क्युवाको एकमात्र ‘खतरा’ भनेको यो एउटा राम्रो उदाहरण हुनु हो । ‘बे अफ पिग्स’ आक्रमणअघि फिडेल क्यास्ट्रोले चेतावनी दिएझैँ, संयुक्त राज्य अमेरिकाको नाककै मुनि ‘समाजवादी क्रान्ति’ गरेकोमा क्युवालाई कहिल्यै माफ गरिने छैन ! अब हामीसामु एउटा प्रश्न बाँकी रहन्छ : यदि क्युवाका क्रान्तिकारी जनतालाई शान्तिसँग बस्न दिइएको भए, यदि उनीहरूलाई बाँच्न मात्र होइन, अन्ततः फस्टाउने मौका दिइएको भए उनीहरूले के-के हासिल गर्न सक्थे होलान् ?

*(हेलेन याफे ग्लास्गो विश्वविद्यालयमा ल्याटिन अमेरिकी राजनीतिक अर्थतन्त्रकी प्राध्यापक र ‘क्युवा एनालाइसिस’ पोडकास्टकी सह-सञ्चालिका हुन् ।)*

**स्रोत : रेडपिपर**



संयुक्त राष्ट्र सङ्घको बडापत्रको उद्देश्य र सिद्धान्तलाई माथि उठाउने विषयमा न्यूयोर्कस्थित संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को उच्चस्तरीय बैठक मे २६, २०२६ का दिन । बैठकमा चिनियाँ कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य रहनुभएका विदेशमन्त्री वाङ यीलगायत विभिन्न देशका विदेशमन्त्रीहरूले सम्बोधन गर्नुभएको थियो । तस्बिर : सिन्ह्वा/फ्राङ फेङगुओ

# इरानी राष्ट्रपति पेजेस्कियनद्वारा मुस्लिम एकताको आह्वान

तेहरान, २७ मे (एएनआई) । इरानका राष्ट्रपति मसूद पेजेस्कियनले मध्यपूर्वमा व्याप्त क्षेत्रीय चुनौती र जारी तनावलाई सम्बोधन गर्न सामूहिक एकता आवश्यक रहेको कुरामा जोड दिँदै मुस्लिम देशहरूबिच बलियो एकताको आह्वान गर्नुभएको छ ।

ईद अल–अधा अघि धेरै मुस्लिम राष्ट्रका नेताहरूसँग टेलिफोनमा कुराकानी गर्दै पेजेस्कियनले इस्लामिक एकता अब्बल बनाउन र 'खतराहरूको सामना' गर्दै सबै क्षेत्रहरूमा सहयोग विस्तार गर्नुपर्ने बताउनुभएको छ ।

इराक, ओमान, कतार, टर्की, ताजिकिस्तान, इजिप्ट, किर्गिजस्तान र अजरबैजान लगायतका नेताहरूसँगको कुराकानीमा ईद अल–अदाको शुभकामना दिँदै उहाँले भगवानले मुस्लिमहरूको हृदयलाई नजिक ल्याई सबै क्षेत्रमा सहयोगको विस्तार र खतराको सामना गर्न एक अर्काको समर्थन गर्न सकिने सामाजिक सञ्जाल एक्समा उल्लेख गर्नुभएको छ ।

किर्गिज राष्ट्रपति सादिर जापारोभसँगको कुराकानीमा पेजेस्कियनले ईद अल–अदालाई मुस्लिम राष्ट्रहरूबिचको विश्वास, बलिदान र एकताको शक्तिशाली प्रतीकको रूपमा वर्णन गरेको इरानी राज्य सञ्चार माध्यम प्रेस टिभीले जनाएको छ । यो अवसरले इस्लामिक विश्वका देशहरूबिच आपसी विश्वास र क्षेत्रीय सम्बन्धलाई गहिरो बनाउन सम्झाउने अवसरको रूपमा काम गर्नुपर्ने उहाँले बताउनुभएको छ ।

इस्लामिक क्षेत्रमा एकता र बाह्य हस्तक्षेपको सामूहिक अस्वीकारमा निर्मित क्षेत्रीय सम्बन्धमा आगामी समयमा 'नयाँ अध्याय' देखापर्ने विश्वास व्यक्त गर्दै पेजेस्कियनले विवाद समाधानका लागि कूटनीति संवादप्रति इरानको प्रतिबद्धतालाई दोहोऱ्याउनुभएको छ ।

मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमसँगको वार्ताका क्रममा पेजेस्कियनले मुस्लिम देशहरूबिचको एकताले साझा क्षेत्रीय सङ्कटहरूलाई सम्बोधन गर्न र बाह्य दबाबहरूको सामना गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभएको छ । यसैबिच उहाँले तेहरान र क्वालालम्पुरबिच आर्थिक, सांस्कृतिक र सामाजिक क्षेत्रमा बलियो द्विपक्षीय संलग्नताका लागि पनि आह्वान गर्नुभएको छ । जवाफमा प्रधानमन्त्री अनवर इब्राहिमले मुस्लिम राष्ट्रहरूबिच अझ बढी एकता र सहयोगको आशा व्यक्त गर्नुभएको छ ।

इराकी राष्ट्रपति निजार अमीदी र प्रधानमन्त्री अली फालिह अल–जैदीसँगको छुट्टै कुराकानीमा, पेजेस्कियनले बलिदान, भाइचारा र ऐक्यबद्धता सम्झाउने इद अल–अदाको मूल्यमान्यताहरू माथि प्रकाश पार्दै क्षेत्रीय सहयोगलाई बलियो बनाउन आवश्यक रहेको कुरामा जोड दिनुभएको छ ।

लाखौँ मुस्लिमहरूले हजको १० औँ दिनमा पैगम्बर अब्राहमको ईश्वरप्रतिको भक्तिको सम्मान गर्न ईद अल–अधा मनाउँछन् ।

# क्वाडलाई चीनको चेतावनी

पेइचिङ, १३ जेठ (एएफपी) । पूर्वी र दक्षिण चीन सागर क्षेत्रमा बढ्दो तनाव र स्थिरताबारे क्वाड समूहका विदेशमन्त्रीहरूले व्यक्त गरेको चिन्तापछि चीनले बुधबार कडा प्रतिक्रिया जनाउँदै 'गुट निर्माण' र द्वन्द्व भड्काउने गतिविधि स्वीकार्य नहुने चेतावनी दिएको छ ।

संयुक्त राज्य अमेरिका, भारत, जापान र अस्ट्रेलियाका विदेशमन्त्रीहरू सहभागी क्वाड बैठक मङ्गलबार नयाँदिल्लीमा सम्पन्न भएको थियो । सो बैठकपछि जारी संयुक्त वक्तव्यमा यस क्षेत्रमा देखिएका 'अस्थिर वा एकपक्षीय गतिविधिहरू' प्रति चिन्ता व्यक्त गर्दै ती गतिविधिहरूले क्षेत्रीय स्थिरतामा जोखिम बढाइरहेको उल्लेख गरिएको थियो । साथै, मन्त्रीहरूले सैन्य विमानहरूद्वारा हुने जोखिमपूर्ण चालचलन र दक्षिण चीन सागरमा अवरोध तथा आक्रमणका घटनाप्रति आलोचना गरेका थिए ।

चीनले क्वाडको सो अभिव्यक्तिलाई अस्वीकार गर्दै आफ्नो समुद्री क्षेत्रमा कुनै पनि बाह्य हस्तक्षेप स्वीकार्य नहुने स्पष्ट पारेको छ । चीनको विदेश मन्त्रालयकी प्रवक्ता माओ निङले पत्रकार सम्मेलनमा पूर्वी चीन सागर र दक्षिण चीन सागरको अवस्था समग्र रूपमा स्थिर रहेको दाबी गर्नुभयो ।

उहाँले सम्बन्धित देशहरूलाई चीनसँग जोडिएका समुद्री मामिलामा हस्तक्षेप नगर्न र क्षेत्रीय शान्ति तथा स्थिरता कायम राख्ने प्रयासलाई सम्मान गर्न आग्रह गर्नुभयो । उहाँका अनुसार गुट निर्माण गर्ने, तनाव बढाउने र द्वन्द्व भड्काउने गतिविधि अन्तर्राष्ट्रिय रूपमा अलोकप्रिय छन् ।

क्वाड समूहलाई चीनले लामो समयदेखि शङ्कास्पद दृष्टिले हेर्दै आएको छ, किनभने पेइचिङले रणनीतिक रूपमा महत्त्वपूर्ण पूर्वी र दक्षिण चीन सागरका केही भूभागमा आफ्नो दाबी गर्दै आएको छ । यता फिलिपिन्स, जापान लगायतका देशहरूसँग ती जलक्षेत्रलाई लिएर निरन्तर विवाद जारी छ, जहाँ विश्वकै महत्त्वपूर्ण समुद्री व्यापार मार्गहरू पनि अवस्थित छन् ।

विश्लेषकहरूका अनुसार क्वाड र चीनबिचको यो कूटनीतिक शब्दयुद्धले क्षेत्रीय सुरक्षा संरचना र समुद्री अधिकारसम्बन्धी विवादलाई थप जटिल बनाउने सङ्केत देखिएको छ ।

# रुसले बनायो नयाँ इबोला खोप

मस्को, २७ मे (एएनआई) । अफ्रिकामा इबोला सङ्क्रमणको जोखिम बढिरहेका बेला रुसले इबोलाको नयाँ स्ट्रेनविरुद्ध प्रभावकारी हुन सक्ने खोप विकास गरेको दाबी गरेको छ । दक्षिण अफ्रिकास्थित रुसी दूतावासका अनुसार रुसी वैज्ञानिकहरूले तयार पारेको उक्त खोपले हाल प्रकोपसँग जोडिएको दुर्लभ 'बुन्डिबुग्यो' स्ट्रेनबाट समेत सुरक्षा दिन सक्ने सम्भावना देखाएको छ ।

दूतावासले रुसी स्वास्थ्यमन्त्री मिखाइल मुराश्कोलाई उद्धृत गर्दै वैज्ञानिकहरूले इबोला भाइरसको नयाँ स्वरूपविरुद्ध खोप विकास गरेको जानकारी दिएको जनाएको छ । विशेषगरी कङ्गो क्षेत्रमा देखिएको प्रकोपसँग सम्बन्धित बुन्डिबुग्यो स्ट्रेनविरुद्ध पनि यो खोप उपयोगी हुन सक्ने दाबी गरिएको छ ।

मध्य अफ्रिकामा फैलिरहेको इबोला प्रकोपले अन्तर्राष्ट्रिय स्वास्थ्य निकायहरूको चिन्ता बढिरहेका बेला रुसले नयाँ इबोला स्ट्रेनविरुद्ध खोप विकास गरेको घोषणा गरेको छ । अन्तर्राष्ट्रिय स्वास्थ्य विनियम ( आईएचआर) २००५ अन्तर्गत विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले मे १७ मा कङ्गो लोकतान्त्रिक गणतन्त्र (डीआरसी) र युगान्डामा देखिएको इबोला प्रकोपलाई ध्यानमा राख्दै अवस्थालाई 'अन्तर्राष्ट्रिय चासोको सार्वजनिक स्वास्थ्य आपतकाल' ( पीएचईआईसी) का रूपमा वर्गीकृत गरेको थियो ।

स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयद्वारा जारी प्रेस विज्ञप्तिअनुसार अफ्रिका रोग नियन्त्रण तथा रोकथाम केन्द्र (अफ्रिका सीडीसी) ले पनि कङ्गो र युगान्डामा फैलिरहेको बुन्डिबुग्यो स्ट्रेनसँग सम्बन्धित इबोला भाइरस रोगको प्रकोपलाई औपचारिक रूपमा पुष्टि गरेको छ ।

यसबिच, डब्लुएचओको आइएचआर आपत्कालीन समितिले मे २२ मा थप सतर्कताका उपाय सुझाउँदै अस्थायी सिफारिसहरू सार्वजनिक गरेको थियो ।

समितिले बुन्डिबुग्यो भाइरस पुष्टि भएका क्षेत्रबाट आएका अस्पष्ट ज्वरोका बिरामी यात्रुहरूको पहिचान, मूल्याङ्कन, प्रतिवेदन र व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय प्रवेश नाकाहरूमा रोग निगरानी प्रणाली थप बलियो बनाउन आग्रह गरेको छ । साथै, भाइरस देखिएका क्षेत्रमा अनावश्यक यात्रा नगर्न पनि सिफारिस गरिएको छ ।

प्रेस विज्ञप्तिअनुसार कङ्गो लोकतान्त्रिक गणतन्त्र र युगान्डासँग सीमा जोडिएका देशहरू, विशेषगरी दक्षिण सुडानलगायतका क्षेत्रमा रोग फैलिने जोखिम उच्च रहेको आकलन गरिएको छ ।

इबोला रोग अत्यन्त गम्भीर भाइरल रक्तस्रावी ज्वरो हो । यो इबोला भाइरसको बुन्डिबुग्यो स्ट्रेनको सङ्क्रमणबाट उत्पन्न हुन्छ । यो रोग उच्च मृत्युदरसँग सम्बन्धित मानिन्छ । हालसम्म बुन्डिबुग्यो स्ट्रेनबाट हुने इबोला रोगको रोकथाम वा उपचारका लागि कुनै खोप वा विशेष उपचारलाई औपचारिक स्वीकृति प्राप्त भएको छैन । यही सन्दर्भमा रुसले गरेको नयाँ खोप विकासको दाबीलाई अन्तर्राष्ट्रिय स्वास्थ्य समुदायले चासोका साथ हेरिरहेको छ ।

# भारतमा चरम गर्मी : दर्जनौँको मृत्यु

नयाँदिल्ली, १३ जेठ (एएफपी) । भारतमा बढ्दो चरम गर्मी र त्यसबाट उत्पन्न जोखिमप्रति प्रधानमन्त्री नरेन्द्र मोदीले बुधबार कडा चेतावनी जारी गर्नुभएको छ । विश्वकै सबैभन्दा बढी जनसङ्ख्या भएको देशमा तापक्रम असामान्य रूपमा बढिरहेका बेला उहाँले नागरिकहरूलाई सावधानी अपनाउन आग्रह गर्नुभएको हो । यसैबिच, जङ्गलमा लागेको आगो नियन्त्रण गर्न सेनाले लामो समयसम्म सङ्घर्ष गरिरहेको छ भने गर्मीका कारण दर्जनौँको मृत्युका घटनासमेत रिपोर्ट भएका छन् ।

अन्तर्राष्ट्रिय वायु गुणस्तर अनुगमन प्लेटफर्म एक्युआईका अनुसार बुधबार दिउँसो विश्वका ४५ सबैभन्दा तातो सहरमध्ये अधिकांश भारतमै रहेका थिए, जहाँ तापक्रम ४३ डिग्री सेल्सियसभन्दा माथि पुगेको थियो । यस्तो अवस्थाले देशका धेरै भागमा जनजीवन प्रभावित बनेको छ ।

प्रधानमन्त्री मोदीले आफ्नो कार्यालयमार्फत जारी गरेको सन्देशमा भारतका विभिन्न क्षेत्रमा तापक्रम निरन्तर बढिरहेको र यसले नयाँ चुनौती सिर्जना गरिरहेको उल्लेख गर्नुभयो । उहाँले गर्मीको असरलाई हल्का रूपमा नलिन आग्रह गर्दै सबै नागरिकलाई आवश्यक सावधानी अपनाउन अपिल गर्नुभयो ।

उहाँले अत्यधिक गर्मीले शरीरमा पानीको कमी (डिहाइड्रेसन) ल्याउने, रगत गाढा बनाउने तथा गम्भीर अवस्थामा अङ्ग फेल हुने जोखिम हुने बताउनुभयो । चेतावनीको सङ्केतलाई बेवास्ता गर्दा अवस्था अझ खतरनाक बन्न सक्ने र 'हिट स्ट्रोक' को सम्भावना बढ्ने उहाँको भनाइ छ ।

यसैबिच, गत साता मात्रै दक्षिणी राज्य तेलङ्गानामा गर्मीका कारण कम्तीमा १६ जनाको मृत्यु भएको रिपोर्ट गरिएको छ । गर्मीबाट बालबालिका, वृद्ध तथा बाहिर काम गर्ने श्रमिकहरू सबैभन्दा बढी जोखिममा रहेको प्रधानमन्त्रीले उल्लेख गर्नुभयो ।

भारत मौसम विज्ञान विभाग (आइएमडी) का अनुसार उत्तर प्रदेशको बान्दा सहरमा मङ्गलबार ४७.४ डिग्री सेल्सियस तापक्रम रेकर्ड गरिएको छ । यो सामान्यभन्दा ३.८ डिग्री बढी हो । यस महिनाको सुरुमै सोही क्षेत्रमा तापक्रम ४८.२ डिग्री सेल्सियससम्म पुगेको थियो ।

राजधानी नयाँदिल्लीमा बुधबार दिउँसो तापक्रम ४० डिग्री सेल्सियस मापन गरिएको छ । विज्ञहरूका अनुसार गर्मी बढ्दै जाँदा वन डढेलोको जोखिम पनि उच्च बन्दै गएको छ ।

यसै सन्दर्भमा भारतीय सेनाले हिमालयन क्षेत्रको पहाडी सहर कसौली नजिक लागेको डढेलो नियन्त्रण गर्न १६ घण्टाभन्दा बढी समयसम्म प्रयास गरेको जनाएको छ । सेनाका अनुसार वायु सेनाका हेलिकप्टरहरूले ठुलो मात्रामा पानी खसालेर आगो नियन्त्रणमा निर्णायक भूमिका खेलेका छन्, यद्यपि आगो निभाउने कार्य अझै जारी छ ।

मौसम विभागले गर्मी बढेसँगै देशका विभिन्न भागमा पानीको अभाव गहिरिँदै गएको चेतावनीसमेत दिएको छ । 'नदीहरू सुक्ने, भू–जल स्तर घट्ने, खडेरी र पानी सङ्कट बढ्ने अवस्थाबिच प्रत्येक थोपा महत्त्वपूर्ण हुन्छ' भन्दै विभागले नागरिकलाई पानी बचत गर्न आग्रह गरेको छ ।

विशेषज्ञहरूका अनुसार जलवायु परिवर्तनका कारण उष्ण लहरहरू पहिलेभन्दा लामो, बारम्बार र बढी तीव्र हुँदै गएका छन् । दिनको उच्च तापक्रमसँगै राति पनि न्यून तापक्रम नघट्दा मानिसहरूलाई राहत मिल्न कठिन भइरहेको छ ।

भारतमा हालसम्मकै उच्च आधिकारिक तापक्रम सन् २०१६ मा राजस्थानको फलोदीमा ५१ डिग्री सेल्सियस रेकर्ड गरिएको थियो । वर्तमान अवस्थाले त्यसतर्फ पुनः उन्मुख हुने सङ्केत देखिन थालेको भन्दै स्वास्थ्य र वातावरणीय जोखिमप्रति थप सतर्कता अपनाउन विशेषज्ञहरूले आग्रह गरेका छन् ।

# हमासका सैन्य नेता मुहम्मद ओदेहको मृत्यु भएको इजरायलको दाबी

तेल अविव, २७ मे (एएनआई) । इजरायली रक्षा बलले गाजामा हमासको सैन्य बलको नयाँ नेता तथा अक्टोबर –७ को नरसंहारको मुख्य योजनाकार मुहम्मद ओदेहको इजरायली आक्रमणमा मृत्यु भएको दाबी गरेको छ ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहु र रक्षामन्त्री इजरायल काट्जको निर्देशनमा भएको अपरेसनमा ओदेहको मृत्यु भएको इजरायली प्रधानमन्त्री कार्यालय (पीएमओ) ले सामाजिक सञ्जाल एक्समा उल्लेख गरेको छ ।

ओदेहले अक्टोबर –७ को नरसंहारको समयमा हमासको गुप्तचर स्टाफको प्रमुखको रूपमा सेवा गरेको र दुई हप्ताअघि मात्र सैन्य प्रमुखको रूपमा नियुक्त गरिएको जनाइएको छ ।

ओदेह धेरै इजरायली नागरिक र आईडीएफ सैनिकहरूको हत्या, अपहरण र घाइतेको घटनाको लागि पनि जिम्मेवार रहेको जनाइएको छ ।

यसैबिच, इजरायलले कारबाही बढाएपछि दक्षिणी लेबनानमा आफ्नो आक्रमण जारी राखेको अलजजिराले जनाएको छ । दुईवटा हवाई आक्रमण बुर्ज राहलमा भएको थियो, भने टायर जिल्लाको कवथरियात अल–रुजमा शक्तिशाली आक्रमण भएको रिपोर्ट गरिएको थियो । इजरायली सेनाले श्रीफा सहरमा दुईवटा र टायर जिल्लाको बुर्ज राहलमा एउटा हवाई आक्रमण गरेको जनाएको छ । अस–सवाना सहर मर्जायुन जिल्लाको कब्रिखामा छापा मारेको अलजजिराले जनाएको छ ।

मङ्गलबार दक्षिणी लेबनानमा भएको इजरायली हवाई आक्रमणमा ३१ जनाको मृत्यु हुनुका साथै ४० जना घाइते भएको अलजजिराले जनाएको छ ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले आइतबार सेनालाई हेजबुल्लाहविरुद्ध अझै कडा अप्रेसन सञ्चालन गर्न निर्देशन दिनुभएको थियो ।

# रक्तनलीको सुजन (भास्कुलाइटिस) रोग र चुनौती

- डा. कृष्ण अधिकारी

काठमाडौँ। हाम्रो समाजमा जीउ दुख्यो, झमझम भयो वा हातखुट्टा गल्यो भने धेरैले त्यसलाई नसा बाथ भन्ने गर्छन्। कतिले त खुट्टामा देखिने फुलेका नीला नसासँग पनि यसलाई जोड्छन्। तर, ती फुलेका नीला नसा बेग्लै कुरा हुन् - ती त रगतलाई फेरि मुटुतिर फर्काउने सामान्य नसा मात्र हुन् र तिनलाई 'वेरिकोज भेन्स' भनिन्छ। यो लेखमा 'भास्कुलाइटिस' का बारेमा चर्चा गरिएको छ। नेपालीमा भन्दा यसलाई रक्तनलीको सुजन भन्न सकिन्छ।




**भास्कुलाइटिस भनेको के हो त ?**

यो बुझ्न पहिले एउटा कुरा थाहा पाउनुपर्छ : हाम्रो शरीरभित्र एउटा सुरक्षा प्रणाली हुन्छ - जसरी देशको सेनाले बाहिरी शत्रुसँग लड्छ। त्यसैगरी, यो प्रणालीले शरीरभित्र पस्ने कीटाणु र रोगसँग लड्छ। तर, कहिलेकाहीँ यो प्रणालीले गल्ती गर्छ। शत्रु चिन्न नसकेर आफ्नै शरीरका स्वस्थ भागमाथि नै आक्रमण गर्न थाल्छ। यस्तो रोगलाई 'अटोइम्युन' रोग अर्थात् आफैँले आफूलाई हान्ने रोग भनिन्छ।

भास्कुलाइटिस यस्तै एउटा रोग हो। यसमा शरीरको सुरक्षा प्रणालीले आफ्नै रक्तनली (रगत बग्ने नली) माथि आक्रमण गर्छ। यो आक्रमणले रक्तनलीलाई सुन्निने (सुजन आउने) बनाउँछ। रक्तनली सुन्निदा तीनवटा कुरा हुन सक्छन् र ती नै कुरा खतरनाक छन्।

एउटा यसबाट नली साँघुरो हुन्छ। यसले गर्दा त्यो भागमा रगत कम पुग्छ र सम्बन्धित अङ्ग कमजोर हुन थाल्छ। दोस्रो, नली पूरै बन्द हुन्छ। यसो हुँदा रगत र अक्सिजन नपुगेर त्यो अङ्ग मर्न थाल्छ। तेस्रो भनेको नली कमजोर भएर फुट्छ। त्यतिबेला शरीरभित्रै रक्तस्राव हुन्छ, जुन ज्यानका लागि घातक हुन सक्छ। तर, राम्रो कुरा के भने यो रोग धेरै कम मानिसमा मात्र देखिन्छ। नराम्रो कुरा के देखियो भने यो गम्भीर हुनसक्छ। त्यसैले, समयमै चिन्नु र डाक्टरकहाँ पुग्नु नै सबैभन्दा ठुलो कुरा हो।

**यो रोग किन लाग्छ ?**

साँचो भन्नुपर्दा, धेरैजसो अवस्थामा यो किन लाग्छ भन्ने ठ्याक्कै कारण थाहा हुँदैन। शरीरको सुरक्षा प्रणाली किन अचानक आफ्नै रक्तनलीमाथि बिग्रिन्छ, त्यो अझै पूरै बुझिएको छैन। तैपनि केही कुराहरूले यो रोगलाई निम्त्याउन वा बढाउन सक्छ। कलेजोको सङ्क्रमण (हेपाटाइटिस बी वा सी) जस्ता केही सङ्क्रमणहरू भएको अवस्थामा, केही औषधिको प्रतिक्रिया भएमा र कहिलेकाहीँ क्यान्सरसँग पनि सम्बन्धित हुनसक्छ। केही व्यक्तिमा सङ्क्रमण वा खोपपछि पनि यो देखिएको रिपोर्ट छ, तर यस्तो निकै कम हुन्छ। त्यसको डरले खोप छोड्नु हुँदैन। खोपको फाइदा यस्ता दुर्लभ जोखिमभन्दा निकै ठुलो हुन्छ।

**रोगका प्रकार र लक्षण के-के हुन् ?**

भास्कुलाइटिसले शरीरका कुन आकारका रक्तनलीलाई असर गरेको छ, त्यसैअनुसार लक्षण फरक हुन्छन्। मुख्यतया तीन किसिम छन् तर लक्षणको सूचीमा अल्झिनुभन्दा एउटै कुरा सम्झनुपर्छ। तल उल्लिखित कुनै पनि लक्षण देखिए ढिलो नगरी डाक्टरलाई देखाउनुपर्छ।

**सानो रक्तनलीको सुजन**

यसको सबैभन्दा चिन्न सजिलो लक्षण हो। यसमा छालामा, खासगरी खुट्टातिरबाट सुरु भएर देखिने गाढा राता साना थोप्ला वा धब्बा (दबाउँदा पनि नहराउने) देखिन्छ। यसले भित्री अङ्गलाई पनि असर गर्छ। फोक्सोमा परेमा लगातार खोकी, खकारमा रगत, सास फेर्न गाह्रो हुन्छ भने मिर्गौलामा परेमा पिसाबमा रगत वा फिँज देखिने हुन्छ। यो खतरनाक छ, किनभने पत्तै नपाई मिर्गौला बिग्रन सक्छ।

यो समस्या बालबालिकामा बढी देखिन्छ ( बच्चामा हुने एक सामान्य प्रकारलाई 'हेनोक-शोनलाइन परप्युरा' वा 'आइजिए भास्कुलाइटिस' भनिन्छ, जुन प्रायः आफैँ निको हुन्छ)। तर, वयस्कमा देखिए कडा हुनसक्छ।

**मध्यम रक्तनलीको सुजन**

यसले भित्री अङ्गमा रगत पुऱ्याउने मध्यम आकारका नलीलाई असर गर्छ। यसका लक्षणहरूमा धेरै दिनसम्म ज्वरो, शरीर गल्नु, तौल घट्नु, छालामा कडा गिर्खा (डल्ला) आउनु, ती बिग्रिएर निको नहुने घाउ बन्न पुग्छ। कहिलेकाहीँ हातखुट्टाका औँलामा रगत पुग्नै छोडेर औँला काला भई सुक्ने र मर्ने अवस्था आउन ( यसलाई ग्याङ्ग्रिन भनिन्छ-अङ्ग सडेर मर्ने अवस्था) सक्छ।

**ठुलो रक्तनलीको सुजन**

यसले शरीरका ठुला रक्तनलीलाई असर गर्छ र प्रायः ५० वर्षभन्दा माथिका मानिसमा देखिन्छ। यसका केही लक्षण तुरुन्त उपचार चाहिने आपत्कालीन अवस्था हुन्। यसमा नयाँ किसिमको टाउको दुखाइ, खासगरी कन्चटतिर बढी दुख्छ। कपाल कोर्दा वा छाला छुँदा टाउकोको छाला दुख्ने, केही बेर चपाएपछि बङ्गारा दुख्ने वा गल्ने हुन्छ। यो भास्कुलाइटिसको निकै महत्त्वपूर्ण सङ्केत हो। अचानक आँखा धमिलो हुनु वा देख्नै छोड्ने हुनसक्छ। यो आपत्कालीन हो किनभने ढिलो भए स्थायी अन्धोपन हुनसक्छ। हात माथि उठाउँदा वा हिँड्दा हातखुट्टा गल्ने हुन्छ।

माथि उल्लेख गरिएका अवस्था देखिएमा बिरामीलाई तुरुन्त अस्पताल लैजानुपर्छ। खासगरी अचानक आँखा धमिलो हुनु वा नदेख्ने, सास फेर्न साह्रै गाह्रो हुनु वा खकार/थुकमा रगत आउने, पिसाबमा रगत देखिने, शरीरको एकातिर अचानक कमजोर हुनु, बोली लर्बराउनु वा अनुहार बाङ्गिएमा (पक्षघातको सङ्केत), औँला वा अङ्ग काला हुँदै गएमा तुरुन्तै अस्पताल जानुपर्छ।

**डाक्टरले कसरी पत्ता लगाउँछन् ?**

यो रोग चिन्न डाक्टरलाई पनि गाह्रो हुन्छ किनभने सुरुका लक्षण सामान्य पेट दुखाइ, ज्वरो वा छालाको एलर्जीजस्तै देखिन्छन्। त्यसैले, एउटै जाँचले पुग्दैन। डाक्टरले विभिन्न तरिका मिलाएर निष्कर्षमा पुग्नुपर्ने हुन्छ। रगत जाँच गरी शरीरमा सुजन छ कि छैन हेर्न जस्तै 'इएसआर' र 'सीआरपी' नामका जाँच), रगतको कमी छ कि भनेर हेर्न सकिन्छ। मिर्गौला, कलेजोजस्ता अङ्गको जाँचबाट कुन अङ्गमा असर परेको छ, थाहा पाउन सकिन्छ। 'बायोप्सी' गरी रोग पक्का गर्न शरीरको सानो टुक्रा झिकेर सूक्ष्मदर्शकमा हेरेर अवस्था पत्ता लाग्दछ। त्यस्तै 'इमेजिङ/एन्जियोग्राम' गरेर रक्तनली साँघुरो वा बन्द भएको छ कि भनेर थाहा हुन्छ। नेपालमा यी सबै सुविधा खासगरी काठमाडौँबाहिर सजिलै नपाइन सक्छ। त्यसैले लक्षण देखिए सकेसम्म चाँडो विशेषज्ञ भएको ठुलो अस्पताल पुग्नु राम्रो हुन्छ।

**उपचार : के गर्न मिल्छ, के गर्न हुँदैन ?**

यो रोग पूरै निको नहोला, तर समयमै उपचार सुरु गरे राम्ररी नियन्त्रणमा राख्न सकिन्छ, र अङ्गलाई बिग्रनबाट जोगाउन सकिन्छ। धेरै बिरामी औषधिको सहायताले सामान्य जीवन बिताउँछन्।

**औषधिको प्रयोग :** यसमा डाक्टरले दिने औषधि भनेको स्टेरोइड हो, जसले सुजन छिटो घटाउन मद्दत गर्दछ। यो सुरुमा बढी मात्रामा दिइन्छ, अनि रोग नियन्त्रणमा आएपछि बिस्तारै घटाइन्छ। आफैँ अचानक छोड्नु हुँदैन। अर्को इम्युनोसुप्रेसिभ औषधि हो। यसले अति सक्रिय भएको सुरक्षा प्रणालीलाई शान्त पार्ने काम गर्दछ, जसले रोग दोहोरिन दिँदैन। त्यस्तै, अर्को बायोलोजिक औषधि हुन्छ। नयाँ किसिमको लक्षित यो औषधि केही खास प्रकारका भास्कुलाइटिसमा प्रयोग गरिन्छ।

**पेनकिलरको प्रयोग नगर्ने :** नेपालमा जीउ दुख्नासाथ डाक्टरलाई नसोधी मेडिकलबाट किनेर दुखाइको औषधि (पेनकिलर) खाने बानी छ। यसमा सबैभन्दा ठुलो चेतावनी भनेको बिरामीले दुखाइ कम गर्ने नाममा आफैँ पेनकिलर खानु हुँदैन। यो साह्रै जोखिमपूर्ण हुन सक्छ किनभने पेनकिलरले केही बेर दुखाइ मात्र दबाउँछ, रोग निको पार्दैन, उल्टो रोग भित्रभित्रै बढिरहन्छ। लामो समय खाँदा पेटमा घाउ हुने र कलेजो तथा मिर्गौला बिग्रने डर हुन्छ। त्यसैले दुखाइ भए लुकाएर औषधि खानुको सट्टा डाक्टरलाई देखाउनुपर्छ।

**फिजियोथेरापी उपयोगी :** कहिलेकाहीँ यो रोगले नसामा असर गरेर हातखुट्टा चलाउन गाह्रो हुन्छ वा जोर्नी अररो हुन्छ। यस्तो बेला औषधिले मात्र पुग्दैन। फिजियोथेरापी (विशेष व्यायाम र विधिमार्फत गरिने उपचार) ले मांसपेशी फेरि बलियो बनाउन, जोर्नी नचल्ने हुनबाट जोगाउन र रक्तसञ्चार सुधार्न मद्दत गर्छ। डाक्टरले सुझाएमा यो नियमित गर्न सकिन्छ।

**मन र परिवारको भूमिका महत्त्वपूर्ण :** लामो समय रहने दुखाइ र रोगको चिन्ताले बिरामीलाई शरीरमा मात्र होइन, मनमा पनि असर पार्छ। निराशा लाग्ने, रिस उठ्ने, निद्रा नलाग्ने वा आत्मविश्वास घट्ने हुनसक्छ। काम गर्न नसक्दा घरमा आर्थिक र भावनात्मक तनाव पनि आउँछ। यस्तो बेला परिवारले बिरामीलाई दोष दिनु हुँदैन। किन यस्तो भयो, तिमीले ध्यान दिएनौ भन्नुको सट्टा साथ दिने, बुझाउने र आशा जगाउनेजस्ता सकारात्मक भाव जागृत गराउनुपर्छ। यसले उपचारमा निकै सहयोग पुग्दछ।

**नेपालमा कहाँ उपचार पाइन्छ ?**

बाथ र रक्तनलीको रोग हेर्ने विशेषज्ञ डाक्टरलाई रुमाटोलोजिस्ट (बाथरोग विशेषज्ञ) भनिन्छ। नेपालमा यस्ता विशेषज्ञ निकै थोरै छन् र अधिकांश काठमाडौँमै छन्। सरकारी अस्पतालमध्ये पाटन अस्पताल र त्रिवि शिक्षण अस्पतालमा यो सेवा उपलब्ध छ। लक्षण मिल्दा सामान्य डाक्टरले पनि सुरुमा हेरेर विशेषज्ञकहाँ पठाउन सक्छन्।

**घरमा ध्यान दिने केही कुरा**

**हल्का व्यायाम :** बिहान हिँड्ने, हल्का योग र सास फेर्ने अभ्यास (प्राणायाम) ले शरीर सक्रिय राख्छ। तर, डाक्टरको सल्लाहअनुसार मात्र गर्नुपर्छ।

**राम्रो खाना :** ताजा, पोषणयुक्त खाना खानुपर्छ। धेरै चिल्लो, धेरै नुनिलो र फास्टफुड खाना खानु हुँदैन।

**अन्धविश्वासमा नपर्नु :** धेरै बिरामी सुरुमा झारफुक वा घरेलु उपचारमा मात्र अल्झेर रोग गम्भीर भएपछि बल्ल अस्पताल आउँछन्। त्यतिबेलासम्म भित्री अङ्ग बिग्रिसकेका हुनसक्छ। लक्षण देखिनासाथ डाक्टरलाई देखाइहाल्नुपर्छ।

**नियमित जाँच (फलोअप) :** डाक्टरले भनेको समयमा गई रगत, मिर्गौला र कलेजोको जाँच गराउनुपर्छ र औषधि आफैँ बदल्नु हुँदैन।

**निष्कर्ष**

रक्तनलीको सुजन (भास्कुलाइटिस) सुन्दा डरलाग्दो भए पनि निराश हुनुपर्दैन। समयमै चिनेर, विशेषज्ञलाई देखाएर र नियमित उपचार गरे यो रोगलाई राम्ररी सम्हाल्न सकिन्छ। आफैँ पेनकिलर खाएर रोग लुकाउनुको सट्टा सही समयमा सही ठाउँमा उपचार लिनुपर्छ। त्यही नै सबैभन्दा बुद्धिमानी कदम हो। *(लेखक पाटन अस्पतालका नसा रोग विशेषज्ञ हुनुहुन्छ)* **रासस**

# नेपाल संस्कृत विश्वविद्यालयको पदाधिकारी नियुक्ति प्रक्रिया सुरु

काठमाडौँ, १३ जेठ। सरकारले नेपाल संस्कृत विश्वविद्यालयका रिक्त पदाधिकारी नियुक्तिका लागि प्रक्रिया सुरु गरेको छ।

नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिव नियुक्तिका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिले बुधबार सूचना प्रकाशित गरी उपर्युक्त पदहरूमा दरखास्त आह्वान गरेको हो।

समितिले यही जेठ ११ मा स्वीकृत 'नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिव छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८३' बमोजिम दरखास्त आह्वान गरिएको छ।

इच्छुक योग्य व्यक्तिले सूचना प्रकाशित भएको मितिले १० दिनभित्र शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयको 'वेबसाइट' मा दिइएको www.moest.gov.np मा दिइएको लिङ्कमा गई दरखास्त दिन सकिनेछ।

उल्लिखित कार्यविधि मन्त्रालयको वेबसाइटमा राखिएको छ।

नियुक्ति प्रक्रियामा पारदर्शिता, योग्यता प्रणाली र प्रक्रियागत निष्पक्षता बलियो बनाउन कार्यविधि बनाएर पदाधिकारी छनोट गर्न लागिएको हो।

नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ को दफा १६ क बमोजिम विश्वविद्यालयका कुलपतिबाट सिफारिस समिति गठन भएको एवं उच्च शिक्षाको क्षेत्रमा अनुभव भएका योग्यतम व्यक्ति खुला प्रतिस्पर्धाको माध्यमबाट छनोट गरी नियुक्तिका लागि सिफारिस गर्नुपर्ने व्यवस्था भएअनुरूप उम्मेदवार छनोटका विधि, आधार, प्रक्रिया तय गरी नियुक्तिको लागि सिफारिस गर्न समितिले कार्यविधि बनाइएको हो।

कार्यविधिअनुसार समितिले उम्मेदवारबाट पेस भएका योग्यता, अनुसन्धानमूलक लेख, विश्वविद्यालयसम्बन्धी शोधपत्र तथा विश्वविद्यालयको चारवर्षे रणनीतिक कार्य योजनसहितको मूल्याङ्कन, उम्मेदवारले गरेको प्रस्तुतीकरण तथा भएका अन्तर्वार्ता आधारमा उपलब्ध भएसम्म क्रमशः तीन/तीन जना उम्मेदवार छनोट गरी योग्यताका आधारमा उपकुलपतिको हकमा ऐनको दफा १६ को उपदफा (३), शिक्षाध्यक्षको हकमा ऐनको दफा १७ को उपदफा (१) र कुलसचिवको हकमा ऐनको दफा १८ को उपदफा (१) बमोजिम नियुक्तिका लागि सिफारिस गर्नेछ।

कार्यविधिअनुसार उपकुलपति र शिक्षाध्यक्ष छनोट विधिमा मूल्याङ्कन १०० पूर्णाङ्कमा आधारित हुनेछ। प्रकाशित अनुसन्धान, पुस्तक, प्रशासनिक अनुभव, प्रस्तुतीकरण र अन्तर्वार्तालाई अङ्क दिइनेछ भने अत्यधिक कम वा धेरै अङ्क दिँदा कारण खुलाउनुपर्ने व्यवस्था पनि गरिएको छ।

नयाँ कार्यविधिले उपकुलपति बन्न कम्तीमा विद्यावारिधि उपाधि हासिल गरेको अनिवार्य गरेको छ भने कम्तीमा १० वर्ष अनुसन्धान तथा प्राज्ञिक अनुभव, उच्च नैतिक चरित्र र राजनीतिक दलको सदस्य नरहेको र लेख रचना प्रकाशन गरेको भए सोको प्रतिलिपि पेस गर्नुपर्नेछ।

यस्तै, बढीमा पाँच हजार शब्दसम्मका नेपाल संस्कृति विश्वविद्यालयसम्बन्धी शोधपत्र र नेपाल संस्कृति विश्वविद्यालयका लागि आफ्नो चारवर्षे रणनीति कार्ययोजना पेस गर्नुपर्नेछ।

कुलसचिवका लागि मान्यताप्राप्त विश्वविद्यालयबाट संस्कृत भाषा वा साहित्यमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको, उच्च शिक्षामा प्राविधिक वा शैक्षिक प्रशासन वा अनुसन्धानको क्षेत्रमा १० वर्षको अनुभव भएको प्रमाण पेस गर्नुपर्नेछ।

बढीमा पाँच हजार शब्दसम्मका नेपाल संस्कृति विश्वविद्यालयसम्बन्धी शोधपत्र र नेपाल संस्कृति विश्वविद्यालयका लागि आफ्नो चारवर्षे रणनीति कार्य योजना पेस गर्नुपर्नेछ। **(रासस)**

# अर्थतन्त्रमा सकारात्मक सङ्केत : संरचनागत चुनौती कायमै

काठमाडौँ, १३ जेठ। मुलुकको अर्थतन्त्रमा केही सकारात्मक सङ्केत देखिए पनि संरचनात्मक चुनौती अझै पनि कायम रहेको सरकारको प्रतिवेदनले उल्लेख गरेको छ।

नेपालको बाह्य क्षेत्र सुदृढ बन्दै गएको, मुद्रास्फीति नियन्त्रणमा रहेको र विप्रेषणमा उल्लेख्य वृद्धि भएको सर्वेक्षणले देखाएको छ। तर, पुँजीगत खर्च कमजोर रहनु, व्यापार घाटा बढ्नु, सार्वजनिक ऋण विस्तार हुनु तथा निजी क्षेत्रको कर्जा प्रवाह सुस्त रहनु अर्थतन्त्रका प्रमुख चुनौतीका रूपमा देखिएका छन्।

आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार सामाजिक पूर्वाधार, सुशासन, सार्वजनिक वित्त, मौद्रिक अवस्था र बाह्य क्षेत्रको समग्र चित्र प्रस्तुत गर्दै सरकारले आगामी बजेटको आधार तयार गरेको देखिन्छ। नेपालको अर्थतन्त्र चालु आर्थिक वर्षमा तीन दशमलव ८५ प्रतिशतले विस्तार हुने अनुमान गरिएको छ। यस्तै, नेपालको अर्थतन्त्रको आकार रु. ६६ खर्ब पुग्ने तथा प्रतिव्यक्ति कुल राष्ट्रिय आय एक हजार ५३५ अमेरिकी डलर पुग्ने अनुमान छ।

कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २४ प्रतिशत र गैरकृषि क्षेत्रको योगदान ७६ प्रतिशत रहने अनुमान गरिएको छ। प्रदेशगत रूपमा बागमती प्रदेशको योगदान सबैभन्दा बढी ३६ दशमलव सात प्रतिशत रहने अनुमान छ।

चालु आर्थिक वर्षको फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति दुई दशमलव १३ प्रतिशत कायम रहेको छ, जुन अपेक्षाकृत नियन्त्रणमा रहेको मानिन्छ।

सङ्घीय राजस्व तीन दशमलव दुई प्रतिशतले बढेको भए पनि पुँजीगत खर्चमा अपेक्षित सुधार हुन सकेको छैन। चालू आवको फागुन मसान्तसम्म सरकारले आन्तरिक तथा बाह्य ऋणमार्फत करिब रु. तीन खर्ब सार्वजनिक ऋण परिचालन गरेको छ। यस अवधिमा वित्त सन्तुलन रु. ५९ अर्ब र प्राथमिक सन्तुलन रु. नौ अर्ब घाटामा रहेको उल्लेख गरिएको छ।

गत फागुनसम्ममा सार्वजनिक ऋण बढेर रु. २८ खर्ब ७८ अर्ब पुगेको छ, जुन कुल गार्हस्थ उत्पादनको ४३ दशमलव छ प्रतिशत बराबर हो।

व्यापार घाटा ११ दशमलव दुई प्रतिशतले बढेर रु. १० खर्ब ९८ अर्ब पुगेको छ। यस्तै, विप्रेषण आप्रवाह ३७ दशमलव सात प्रतिशतले वृद्धि भई रु. १४ खर्ब ५० अर्ब पुगेको छ। जसले बाह्य क्षेत्रलाई बलियो बनाएको छ।

# क्व्होलासोथार गाउँपालिकाका जनप्रतिनिधिहरू भक्तपुरमा



भक्तपुर, १३ जेठ । भक्तपुर नगरपालिकाको सुशासन र असल अभ्यासबारे अध्ययन गर्न गण्डकी प्रदेशको लमजुङ जिल्लाअन्तर्गत क्व्होलासोथार गाउँपालिकाका अध्यक्ष सूर्यप्रसाद गुरुङको नेतृत्वमा गाउँपालिकाका उपप्रमुख, वडाध्यक्ष तथा कर्मचारीहरूको टोलीले बुधबार भक्तपुर नगरपालिकाको अध्ययन भ्रमण गर्‍यो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गा.पा. अध्यक्ष गुरुङ र उपाध्यक्ष गमीमाया गुरुङसहितको टोलीलाई खादा, भादगाउँले टोपी र परम्परागत थैली दिई सांस्कृतिक नगरी भक्तपुरमा स्वागत गर्नुभयो ।

सोही क्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षणलगायत नपाको सेवा प्रवाहका विषयमा जानकारी गराउँदै भक्तपुर नगरपालिकाले पारदर्शिता, अनुशासन र जनसहभागितालाई प्राथमिकतामा राखेर काम गर्दै आएको बताउनुभयो ।

उहाँले असल अभ्यास आदानप्रदानले स्थानीय तहहरूबिच सहकार्य र सिकाइको वातावरण बलियो हुने धारणा व्यक्त गर्दै स्थानीय तहहरूले आ-आफ्नो विशेषताअनुसारको विकासमा जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुरमा विगतदेखि नै योजनाबद्ध विकास भइरहेको उल्लेख गर्दै उहाँले भक्तपुर नपाले पर्यटकीय क्षेत्रको विकासलाई प्राथमिकता दिइएको बताउनुभयो । नगरमा भएका विकास निर्माणका कामबाट नागरिकहरू प्रत्यक्ष लाभान्वित भइरहेको बताउँदै उहाँले विकास निर्माणका काममा उपभोक्ता मोडललाई प्राथमिकता दिइएको बताउनुभयो ।

क्व्होलासोथार गाउँपालिका अध्यक्ष सूर्यप्रसाद गुरुङले भक्तपुर नगरपालिकाको कार्यशैली, सरसफाइ अभियान, कृषि, सांस्कृतिक सम्पदा संरक्षण तथा विकास निर्माणका कामहरूको जानकारी पाएकोमा खुसी व्यक्त गर्नुभयो ।

अध्यक्ष गुरुङले क्व्होलासोथार गाउँपालिकाले पर्यटकमैत्री सडक निर्माण, सुविधासम्पन्न संरचना विकास तथा स्थानीय उत्पादन र संस्कृति संरक्षणमा जोड दिँदै आएको जानकारी दिनुभयो ।

भौगोलिक बनावटले सुन्दर क्व्होलासोथार गाउँपालिका गुरुङ समुदायको बाहुल्यता भएको यस क्षेत्रमा नमुना गाउँ घले गाउँ र भुजुङ पनि पर्ने उल्लेख गर्दै कृषि, पर्यटन र संस्कृतिले पनि यस क्षेत्रको आफ्नो छुट्टै पहिचान बनाएको बताउनुभयो ।

गाउँपालिकाको बेरुजु न्यूनीकरण गर्न प्रयासरत रहेको बताउँदै उहाँले ग्रामीण पर्यटनलाई विकासको मुख्य आधारको रूपमा लिएर काम गर्दै आइरहेको बताउनुभयो । उहाँले गाउँपालिकाले प्रत्येक वडामा घुम्ती सेवामार्फत नागरिक सुनुवाइ कार्यक्रम गर्दै आएको र त्रैमासिक रूपमा गाउँपालिकाका गतिविधि समेटेर बुलेटिन प्रकाशन गर्दै आएको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले क्व्होलासोथार गाउँपालिकाका अध्यक्ष गुरुङलाई भक्तपुर नपाका प्रकाशन र मयुरको झ्याल उपहार प्रदान गर्नुभयो । टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप मावि, ख्वप कलेज अफ ल र ख्वप अस्पतालको स्थलगत अवलोकन भ्रमण गर्‍यो ।

# आज फुटसलको सेमिफाइनल खेल हुने



भक्तपुर, १३ जेठ । भक्तपुर युवा टिमको आयोजनामा जेठ ६ गतेदेखि १६ गतेसम्म सञ्चालन भइरहेको अन्तर वडाव्यापी फुटसल प्रतियोगिता बुधबार बाट लिग चरणको अन्तिम खेलहरु सम्पन्न भएका छन् ।

एएफसी रेफ्री इन्स्टक्चर सुरज सायमी मानन्धरले नेपालमा अन्तर्राष्ट्रिय फुटसलको नियमअनुसार खेल खेलाइएको जानकारी दिँदै पहिलो राष्ट्रिय फुटसल लिग प्रतियोगिता पोखरामा, दोस्रो काठमाडौँमा अन्तर कलेज फुटसल च्याम्पियनसिप तथा तेस्रोपटक भक्तपुर युवा टिमको आयोजना भइरहेको बताउनुभयो ।

उहाँले खेल अवधिमा पहिलो हाफ १० मिनेटको ब्रेक, दोस्रो साढेसात मिनेटको ब्रेक तेस्रो दोस्रो हाफमा १० मिनेट ब्रेक हुने जानकारी दिँदै ६ फलमा १ पेनाल्टी, हरेक टिमले खेल अवधिमा १ पटक मात्र ब्रेक वा टाइम आउट गर्न पाइने बताउनुभयो ।

लिग चरणको अन्तिम दिनको पहिलो खेल ग्रुप ए बाट वडा ७ को विरुद्ध वडा १ को खेलमा खेलिरहेको टिमअन्तर्गत खेलको सातौं दिनसम्म आइपुग्दा ग्रुप ए को वडा नं ७ को ९ अङ्क र वडा नं १ को ३ अङ्कसहित खेलिएको पहिलो हाफमा वडा नं ७ ले ३ गोल तथा वडा नं १ को १ गोल तथा दोस्रो हाफमा वडा नं १ ले २ गोल गरी बर बरी गरेका थिए ।

लिग चरणको अन्तिम दिनको दोस्रो खेल ग्रुप 'बी' बाट वडा ३ विरुद्ध वडा ४ को खेलमा खेलिरहेको टिमअन्तर्गत खेलको सातौं दिनसम्म आइपुग्दा ग्रुप 'ए' को वडा नं ३ ले ३ अङ्क र वडा नं ४ ले कुनै अङ्क पाएका छैनन् ।

आज बिहीबार सेमिफाइनल खेल वडा नं २ को विरुद्ध वडा नं ७ बेलुका ६ बजे, वडा नं ८ को विरुद्ध तथा वडा नं ९ सेमिफाइनलको खेल बेलुकी ७ बजे हुनेछ ।

बालबालिकाको खानपान र स्वास्थ्यमा ध्यान दिऔं।

- सन्तुलित र पौष्टिक आहार नियमित खुवाऔं,
- जंकफुड तथा अत्यधिक चिनी, नुन र तेलयुक्त खानेकुरा घटाऔं,
- नियमित खोप लगाऔं, स्वास्थ्य जाँच समयमै गराऔं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- हातधुन र सरसफाइ गर्न सिकाऔं,
- पर्याप्त निद्रा र दैनिक खेलकुद/व्यायाममा प्रोत्साहन गरौं,
- मोबाइल/स्क्रिन समय सीमित गरौं,
- मानसिक स्वास्थ्य र सकारात्मक व्यवहारमा ध्यान दिऔं ।

स्वस्थ बालबालिका, उज्ज्वल भविष्यको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# दुग्ध उद्योगमा ठूलो परिमाणमा अखाद्य रसायन फेला

भक्तपुर, १३ जेठ । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको संयुक्त टोलीले भक्तपुरको जोरपाटी दुग्ध उत्पादक सहकारीमा अनुगमन गरी सिलबन्दी गरेको छ । दूध प्रशोधनमा अस्वाभाविक रसायन र चिल्लो पदार्थ (९.८६ किलो माल्टोडेक्स्ट्रिन, ५६ किलो डेक्स्ट्रोज मोनोहाइड्रेट र ३० किलो बेकरी सर्टेनिङजस्तो देखिने पदार्थ) प्रयोग गरेको आशङ्कामा विभागले यो कदम चालेको हो ।

अनुगमन टोलीले उद्योगबाट दूध र चिल्लो पदार्थको ४ वटा नमूना परीक्षणको लागि सङ्कलन गर्दै चिलिङ भ्याटहरू सिलबन्दी गरेको छ । यस विषयमा थप अनुसन्धानको लागि उद्योग सञ्चालकलाई ३ दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिइएको छ ।

हार्दिक समवेदना



जन्मः २००५/०७/१३
निधनः २०८३/०२/०७

यस संस्थाका सदस्य नं. ३६० का **राजमाया सुवाल**को दुःखद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.**
इटाछें-२, भक्तपुर

# मानवअधिकार आयोगद्वारा जेनजी आन्दोलनसम्बन्धी अनुसन्धान प्रतिवेदन सिफारिस

काठमाडौं, १३ जेठ । राष्ट्रिय मानवअधिकार आयोगले गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा भएका मानवअधिकार उल्लङ्घनका घटनाबारे आफ्नो अनुसन्धान प्रतिवेदन कार्यान्वयनका लागि बुधबार नेपाल सरकारलाई पत्राचार गरेको छ ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलका अनुसार घटनामा मानवअधिकार उल्लङ्घनकर्तालाई कानुन बनाएर कारबाही गर्न सिफारिस गरिएको हो । आयोगको सिफारिसमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक, तत्कालीन सूचना तथा सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङसमेतलाई मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा लिँदै नयाँ कानुन निर्माण गरेर कानुनबमोजिम कारबाही गर्न आयोगले सुझाव दिएको छ ।

प्रतिवेदनमा तत्कालीन समयमा नख्खु कारागारमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने जेलबाट निस्केको घटनाका सम्बन्धित व्यक्तिहरूलाई थप अनुसन्धान गर्न सिफारिस गरिएको छ ।

यसैगरी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीका वरिष्ठ अधिकारी एवं काठमाडौं उपत्यकाका तत्कालीन निजामती तथा सुरक्षा निकायका अधिकारीहरूलाई पनि अनुसन्धान तथा कारबाही गर्न सिफारिस गरिएको छ ।

आन्दोलनपूर्व र प्रदर्शनपश्चात् अभिव्यक्ति दिने अभियन्ता र आबद्धकर्ताहरू गणेश कार्की, सुलभ खरेल, असिममान बस्नेत, भाग्य न्यौपाने, टङ्क दाहाल, बिक्टर पौडेललगायतलाई पनि अनुसन्धान गर्न प्रतिवेदनमा भनिएको छ । आयोगले बुधबार २६ औं वार्षिकोत्वससमेत मनाएको छ ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
**ख्वप इन्जिनियरिङ कलेज**
लिबाली, भक्तपुर
फोन नं. ०१-५१२२०९४, ५१२२०९८

**विद्यार्थी धरौटी रकम फिर्ता लिन आउनेबारे सूचना**

*(मजदुर दैनिक र गोरखापत्रमा प्रकाशित मिति २०८३ जेठ १४ गते)*

यस ख्वप इन्जिनियरिङ कलेजमा मिति २०७५ र २०७६ सालमा भर्ना भई चारवर्षे सिभिल इन्जिनियरिङ/कम्प्युटर इन्जिनियरिङ/इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन इन्जिनियरिङ र पाँचवर्षे आर्किटेक्चरको अध्ययन पूरा गरेका विद्यार्थी तथा २०७७ र २०७८ सालमा भर्ना भई दुईवर्षे स्नातकोत्तर अर्थक्वेक इन्जिनियरिङ र अर्वान डिजाइन एन्ड कन्जरभेसनको अध्ययन पूरा गरेका विद्यार्थीमध्ये धरौटी रकम फिर्ता लिन बाँकी विद्यार्थीले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र परिचय खुल्ने प्रमाणसहित धरौटी रकम फिर्ता लिनुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ । तोकिएको समयभित्र धरौटी रकम लिन नआएमा कलेजको नियमानुसार भई जाने व्होरा पनि यसै सूचनाद्वारा जानकारी गरिन्छ ।

हार्दिक समवेदना



जन्म
१९९९/०३/३०

स्वर्गारोहण
२०८३/०२/०३

यस संस्थाका सदस्य तथा कर्मचारी अन्जना प्रजापतिकी हजुरआमा **मंललक्ष्मी प्रजापति**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सम्पद बचत तथा ऋण सहकारी संस्था लि.**
कमलविनायक-९, भक्तपुर

# कामपाका ७४ स्थान मनसुनजन्य विपद्को घेरामा

काठमाडौं, १३ जेठ । काठमाडौं महानगरपालिकाले यसवर्ष ७४ स्थानमा मनसुनजन्य विपद्को जोखिम रहने जनाएको छ । पहिचान गरिएका स्थानमा जनधनको क्षति कम गर्न सोहीअनुरूप कार्यक्रम गर्ने तयारी रहेको कामपा नगर प्रहरी वरिष्ठ उपरीक्षक विष्णुप्रसाद जोशीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "कामपाको १ देखि ३२ वटै वडाका प्रतिनिधि, नागरिकसँगको सोधपुछ र विगतका अभ्यासलाई समेत अध्ययन गरी स्थान पहिचानको काम गरेको हो", खोला छेउछाउको बस्ती स्थानान्तरण भएसँगै यस वर्ष नदीजन्य विपद्का घटनामा कमी आउने आशा कामपाको छ ।

विपद् पूर्वतयारीका विषयमा कुरा गर्दै जोशीले भन्नुभयो, "डुबानमा परेका नागरिकको उद्धारका लागि चारवटा डुङ्गा तयारी अवस्थामा राखिएको छ", डुबानमा परेकाको उद्धार कसरी गर्ने भनी कृत्रिम अभ्यास, उद्धारकै लागि आवश्यक पर्ने मेसिनरी सामान र उद्धारपछि आवश्यक पर्ने त्रिपाललगायतका सामग्री तयारी अवस्थामा राखिएको छ ।

प्रकाशक तथा कार्यकारी सम्पादकः उद्धव सुजखु★सम्पादकः विष्णुगोपाल कुसी ★ कार्यालयः कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्सः ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखाः ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रकः सिद्धिगणेश अफसेट प्रेस, चोर्चा